मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३१७ ● २०८० साल असोज ११ गते बिहीबार ● Thursday 28, September 2023 ● सूर्योदय: बिहान ५:५५ बजे ● सूर्यास्त: साँझ ५:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मंगोलियाविरुद्ध नेपाली क्रिकेट टोली कीर्तिमानको ओइरो




**मधेशदृष्टि**
**वीरगंज ।**
हाङ्झाउ जारी एसियाली खेलकुद अन्तर्गत नेपाली पुरूष क्रिकेट टोलीले आफ्नो पहिलो टी–२० अन्तर्राष्ट्रिय खेलमा कीर्तिमानको ओइरो लगाएको छ । झेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी पिङफेङ क्रिकेट मैदानमा मंगोलियाले टस जितेर नेपाललाई पहिले ब्याटिङको निम्तो दिएको थियो । पहिले ब्याटिङ गरेको नेपालले ३ विकेटको क्षतिमा ३१४ रन जोड्यो । मिडिल अडर ब्याटर कुशल मल्ल र दीपेन्द्र सिंह ऐरीले कीर्तिमानी विस्फोटक ब्याटिङ गरेपछि नेपालले टी–२० कै इतिहासमा ठूलो योगफल तयार गरेको हो । यसअघि टी–२० को विश्व कीर्तिमानी योगफल २७८ रन थियो । यो स्कोर चेकविरुद्ध अफगानिस्तानले बनाएको थियो । यस्तै कुशल मल्लले ३४ बलमै शतक प्रहार गर्दै अर्को कीर्तिमान बनाए । यसअघिको सार्वाधिक छिटो शतकको कीर्तिमान ३५ बलमा दक्षिण अफ्रिकाका डेभिड मिलर, चेकका सुदेश विक्रमाशेखर र भारतका रोहित शर्मोले बनाएका थिए ।
नेपालको लागि सर्वाधिक छिटो शतक बनाउने कीर्तिमान पारस खड्काको नाममा ४९ बलमा थियो ।
दीपेन्द्र सिंह ऐरीले ९ बलमा अर्धशतक प्रहार गर्दै अर्को विश्व कीर्तिमान बनाए । उनले १२ बलको विश्व कीर्तिमान पनि भंग गरेका हुन् । यो कीर्तिमान भारतका युवराज सिंहको नाममा थियो । दीपेन्द्रले १९औं ओभरका पछिल्ला पाँच बलमा ५ छक्का प्रहार गरेका थिए । अर्को ओभरको दोस्रो बलमा पनि छक्का प्रहार गरेपछि उनले ६ बलमा ६ छक्का प्रहार गर्ने अर्को विश्व कीर्तिमान बनाए । यद्धपि उनले एकै ओभरमा ६ छक्का प्रहार गर्ने युवराज सिंहको कीर्तिमान बराबरी गर्न सकेनन् । खेलमा कुशल मल्लले ५० बलमा नटआउट १३७ रन र दीपेन्द्र सिंह ऐरीले १० बलमा नटआउट ५२ रन जोडे । कुशलले ८ चौका र १२ छक्का तथा दीपेन्द्रले ८ छक्का प्रहार गरे । त्यसअघि कप्तान रोहित पौडेल २७ बलमा ६१ रन, कुशल भुर्तेल २३ बलमा १९ रन र आसिफ शेख १७ बलमा १६ रन जोडेर आउट भएका थिए । खेलमा नेपालले २६ छक्का र १४ चौका प्रहार गरेको थियो ।

मंगोलियालाई २७३ रनले पराजित गर्दै नेपालले टी–२० इतिहासकै अहिलेसम्मकै ठूलो जित निकालेर विश्व कीर्तिमान बनाएको हो । यसअघि जितको आधारमा ठूलो जित चेकको २५७ रनको थियो । झेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी पिङफेङ क्रिकेट मैदानमा नेपालले दिएको ३१५ रनको लक्ष्य पछ्याएको मंगोलिया १३.१ ओभरमा ४१ रनमै अलआउट भयो ।उसका लागि जम्यासुरेनले १० रन जोड्नुबाहेक अरू ब्याटर दोहोरो अंकमा रन जोड्न सकेनन् । बलिङमा नेपालका करण केसी, अभिनास बोहरा र सन्दीप लामिछानेले २–२ तथा सोमपाल कामी, कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरीले १–१ विकेट लिए ।
समूहमा अब नेपालले दोस्रो खेलमा माल्दिभ्ससँग खेल्नेछ । समूह विजेता बने नेपाल क्वार्टरफाइनल पुग्नेछ ।
क्वार्टरफाइनलमा चार टिमले स्थान पक्का गरिसकेका छन् । टेस्ट राष्ट्रहरू भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशलाई सिधा अन्तिम आठमा स्थान दिइएको हो । चारै टिमले एसियाली खेलकुदका लागि सिनियर टिमलाई पठाएका छैनन् । भारतले आइपिएल खेलेका रुतुराज गायकवाडलाई कप्तान बनाएको छ भने आइपिएलमा चलेका युवा खेलाडीलाई समेटेर एसियाली खेलकुदमा टिम पठाउँदैछ । एसियाली खेलकुदमा समूह विजेता बनेको अवस्थामा नेपालले उल्लेखित चार मध्ये एक टिमसँग अन्तिम आठमा भिड्नेछ । अन्तिम आठमा जित हात पारेको अवस्थामा नेपालको क्रिकेटबाट एसियाली खेलकुदमा पहिलोपटक पदक जित्ने सम्भावना हुनेछ ।
सेमिफाइनलमा जित हात पारे रजत पदक पक्का हुनेछ भने हार बेहोरेमा कास्यका लागि खेल्ने अवसर प्राप्त हुनेछ ।

### मंगोलियाको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय खेल

मंगोलियाविरूद्धको बुधबारको खेल नेपालका लागि प्रतियोगिताको पहिलो खेल थियो तर मंगोलियाले भने बुधबार नै पहिलो पटक अन्तर्राष्ट्रिय क्रिकेट खेलेको हो । उसले आफ्नो पहिलो अन्तर्राष्ट्रिय खेल विर्सिन लायक खेल्यो । मंगोलियामा क्रिकेट खेल्न थालिएको धेरै भएको छैन । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)का अनुसार मंगोलियामा आधुनिक क्रिकेटको सुरूवात एक दशकअघि मात्र भएको हो । सोभियतकालीन समयमा मंगोलियाका बच्चाहरूले गल्लीमा गाइदेक मट्का खेल खेल्थे । त्यो खेल क्रिकेटसँग केही मिल्दोजुल्दो थियो । बत्तुल्गा गोम्बो भन्ने व्यक्तिले मंगोलियामा क्रिकेट भित्र्याएको मानिन्छ । अष्ट्रेलियाको मेलबर्नमा केही समय बसेका उनी त्यहीँ हुँदा क्रिकेटसँग लोभिएका थिए । मंगोलियामा फर्किएपछि उनले बच्चाहरूलाई क्रिकेट खेलाउन र क्रिकेट मैदान बनाउन विभिन्न अभियान चलाएका थिए । उनी कारमा क्रिकेटका किट्सहरू बोकेर देशका विभिन्न भागमा पुगेका थिए । सन् २०१५ मा उनले नगरपालिकाका अधिकारीहरूका लागि क्रिकेट मैदानका लागि जग्गा उपलब्ध गराउन मनाउन सकेका थिए । राजधानी उलानबटारमा सन् २०१६ मा मंगोलियन फ्रेन्डसिप क्रिकेट ग्राउन्ड बनेको थियो । पहिलो क्रिकेट मैदान बनेपछि बिस्तारै स्कुलहरूमा क्रिकेट खेलाउन थालिएको थियो । मंगोलियालाई आइसिसीले सन् २०२१ मा एसोसिएट सदस्यता दिएको थियो ।

## जनकपुरधाममा पर्यटन दिवस




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'पर्यटन र हरित लगानी' भन्ने मुल नारा साथ जनकपुरधाममा पर्यटन दिवस मनाइएको छ । बुधबार जनकपुरधाममा 'सबैका लागि पर्यटनः पहुँचयोग्य विश्वव्यापी पर्यटनको प्रवर्द्धन' नारासहित हरेक वर्ष सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाउने गरिन्छ । बिहान रेल्वे स्टेशनबाट प्रभातफेरी आयोजना गरिएको थियो । प्रभातफेरीको क्रममा जनकपुरधाम उपमहानगरको परिक्रमा गरी जानकी मन्दिरमा पुगेर समापन भएको थियो । जानकी मन्दिरमा आएका तिर्थयात्री र पर्यटकहरुलाई मधेश प्रदेश सरकारको तर्फबाट मन्त्री सुनिता यादवले स्वागत गरेकी थिइन् ।
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री यादवले जानकी मन्दिरमा आएका पर्यटकहरुलाई फुलमाला तथा दोसल्ला ओढाई सम्मान गरिन् ।पर्यटकलाई दोसल्ला ओढाई सम्मान गर्दै उनले जानकी मन्दिरलाई विश्व सम्पदाको सुचीमा समावेश गर्नका लागि पहल गर्ने बताइन् । ४४ औँ विश्व पर्यटन दिवसको अवसरमा मधेश प्रदेश राजधानी जनकपुरधाममा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुर उपमहानगरपालिका तथा पर्यटन क्षेत्रका अगुवा संघ संस्थाहरुको समेत सहभागी रहेको थियो । पर्यटन दिवसको अवसरमा वृक्षारोपन गरिएको छ ।

## लालबन्दीमा पनि सद्भाव र्‍याली




**मधेशदृष्टि**
**लालबन्दी ।**
सर्लाहीको मलंगवामा केहिदिन देखि भइरहेको धार्मिक सहिष्णुता बिगार्ने क्रियाकलापलाई निरुत्साहित गर्न बुधबार विद्यार्थी संघ, संगठन लगायत निकायले लालबन्दीमा सद्भाव ¥याली प्रदर्शन गरेका छन् ।
क्याम्पस अगाडिबाट निकालेको ¥याली लालबन्दी बाजारमा पुगेर सद्भाव सभामा परिणत भएको थियो। सभालाई सम्बोधन गर्दै नेपाल विद्यार्थी संघका पूर्व उपाध्यक्ष एवम् जनज्योती बहुमुखी क्याम्पसको व्यवस्थापन समितिका अध्यक्ष दिपक अधिकारिले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यमा स्थानीय प्रशासनको अग्रभूमिका हुनुपर्ने बताएका छन् । कार्यक्रममा कांग्रेस क्षेत्रीय सभापति सिताराम दाहाल, निवर्तमान नगर सभापति प्रसान्त आचार्य, स्ववियु उपसभापति विकाश थापा, नेपाली कांग्रेसका नेता देवीबन्धु थापा, नेपाल तरुण दल केन्द्रिय सदस्य विभुसिंह थापा, लोकहरि पौडेल, विद्यार्थी नेताहरु मनोज बख्रेल, आदित्य महतो लगायत नेता कार्यकर्ताको उपस्थिति थियो ।
कार्यक्रममा सद्भाव मन्तव्य विद्यार्थी नेता ज्ञानेश्वर मण्डल, सफल अधिकारी, विकाश थापा लगायतले राखेका थिए भने कार्यक्रम सञ्चालन नेपाल विद्यार्थी संघ सर्लाही–काठमाण्डौं सम्पर्क समिति सभापति लवहरि ढुंगेलले गरेका थिए ।

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि लिइने पुन: प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं ।
फारम वितरण :-
मिति: २०८०।०६।१८ गतेसम्म
प्रवेश परीक्षा मिति :
२०८०।०६।२० गते
बिहान ८:०० बजे
कार्यक्रम :-
१) मेडिकल ल्याब टेक्नोलोजी (CMLT) - ३ वर्ष
२) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
३) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
राम जानकी टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टी, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०२०८८८, ९८४४०९९९२५ र ९८००८४३०१३

## पर्सा जसपाको समानान्तरण कमिटी गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जनता समाजवादी पार्टी (जसपा) भित्र रहेको विवाद सतहमा आएको छ । जसपा पर्साभित्र दुई गुटबीच लामो समयदेखि चल्दै आएको विवाद बुधबार समानान्तर कमिटी गठन भएसँगै सहतमा आएको हो । पछिल्लो निर्वाचनदेखि जिल्ला नेतृत्वको विषयलाई लिएर नेताहरु दुई गुटमा विभाजित भएका थिए ।
पर्सामा जसपाभित्र जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादव, पुर्व मुख्यमन्त्री लालबाबु राउत, जिल्ला सचित तबरेज अहमदलगायतका नेताहरुको एक गुट छ भने अर्को गुटको नेतृत्व पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद प्रदीप यादवले गरेका छन् । जसपाका प्रमुख सचेतकसमेत रहेका सांसद यादवलाई केन्द्रीय सदस्य एवम् वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह र जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ लगायतको साथ र समर्थन छ । बुधबार वीरगन्जमा सांसद यादवको प्रमुख आतिथ्यतामा आयोजित नेता तथा कार्यकर्ताहरुको भेलाले सिंघासन साह तेलीको अध्यक्षतामा जसपाको समानान्तर जिल्ला कार्यसमित गठन गरेको हो । तेली, बहुदरमाई नगरपालिकाका मेयर समेत हुन् । जिल्ला कार्यसमितिको उपाध्यक्षमा ग्यासुदिन मियाँ, अजय चौरसिया र मिथिलेश सिंह, सचिवमा उमेशलाल सहनी, सहसचिवमा सुशील साह कानु, सुनिल कुशवाहा र नुर आलम अन्सारी, कोषाध्यक्ष प्रेमकुमारी सिंह, सदस्यमा असलम आलम, अजय सर्राफ, बैजुलाल स्वर्णकार, नेक महम्मद अन्सारी, सुनिता शर्मा, सुरज मानन्धर ,खैरुदिन मियाँ र प्रतिमा सिंह रहेका छन् ।
सांसद प्रदीप यादवले रामनरेश यादव अध्यक्ष रहेको जिल्ला तदर्थ समितिको वैधानिकता सकिएपछि भेलाबाट तेलीको अध्यक्षतामा जसपाको जिल्ला कार्यसमिति पुनर्गठन गरिएको बताए । उनले भने, 'यादव अध्यक्ष रहेको समिति तदर्थ समिति थियो, समितिको वैधानिकता बढीमा ६ महिनामात्रै थियो । तर वर्ष बित्दासमेत तदर्थ समितले न त जिल्ला अधिवेशन गरेर नयाँ जिल्ला समिति गठन गर्न सक्यो न त समितिलाई नै पूर्णता दिन सक्यो । त्यसकारण आज हामीले जिल्ला कार्यसमिति पुनर्गठन गरेका हौँ । यो नै वैधानिक जिल्ला कार्यसमिति हो । समानान्तर समिति होइन ।' सांसद यादवले थपे, 'यसअघिका जिल्ला तदर्थ समितिका अध्यक्ष र सचिवलाई अरु दलको दलाल भए, ती दुई जनाले नै पर्सामा पार्टीलाई धराशायी बनाएका हुन् ।
यता, तेलीको अध्यक्षतामा समानान्तर जिल्ला कार्यसमिति गठन भएपछि जसपाका जिल्ला अध्यक्ष रामनरेश यादव र सचिव तबरेज अहमदले बुधबार दिउँसो संयुक्त हस्ताक्षरित विज्ञप्ति जारी गर्दै तेलीको अध्यक्षतामा गठित समिति अवैधानिक रहेको बताएका छन् । विज्ञप्तीमा पार्टी संगठन भताभुङ पार्ने, अराजक प्रवृति र व्याक्तिवादी चिन्तन भएका, पटक पटक पार्टीको नीतिनियम विरुद्धको कार्य गर्दै आएका व्याक्तिहरुको सोचमा परिवर्तन नदेखिनु पार्टीको लागि आत्मघाती भएको उल्लेख गरिएको छ ।

# बागमती एमाले अध्यक्षमा चार दावी



**मधेशदृष्टि**
**हेटौँडा ।**
नेकपा एमालेको बागमती प्रदेश कमिटीको अध्यक्ष पदमा चार जनाले उम्मेदवारी दर्ता गराएका छन् ।
बुधबार एमाले पार्टी कार्यालय च्यासलमा जारी निर्वाचन प्रक्रिया अन्तर्गत अध्यक्षमा कैलाश ढुंगेल, कृष्णप्रसाद दाहाल, सानुकुमार श्रेष्ठ र केसर बहादुर बुढाथोकी रहेका छन् ।
उपाध्यक्षमा पाँचजनाको उम्मेदवारी परेको छ ।
उपाध्यक्षमा नारायणप्रसाद खतिवडा, दावादोर्जे लामा, सुवासचन्द्र ठकुरी, ईश्वरचन्द्र पोखरेल र राजेन्द्र राजथलाले उम्मेदवारी दिएका हुन् ।
सचिवमा हस्त पण्डित, नवराज सिलवाल, रत्न गुरुङ र रामकुमार अधिकारीले उम्मेदवारी दर्ता गराएको निर्वाचन समितिले जनाएको छ ।
यस्तै उपसचिवमा डबल पाण्डे, खड्गबहादुर खत्री, टासी लामा, गंगादेवी श्रेष्ठ, भक्तकुमारी लामा, ओमराज पन्त, कृष्णहरी थापा, ठाकुरप्रसाद गजुरेल र रमेश महर्जनले उम्मेदवारी दिएका छन् । मतदान बिहीबार बिहान हुनेछ ।

# सिरहाको औरहीमा नीलगाई मृत भेटियो

**रासस**
**सिरहा ।**
सिरहाको औरही–३ मा दुर्लभ मानिएको नीलगाई मृतावस्थामा भेटिएको छ । जिल्ला वन कार्यालय सिरहास्थित लहानका प्रमुख सुजितकुमार झाका अनुसार मङ्गलबार बिहान धानखेतमा वयस्क नीलगाई मृतावस्थामा भेटिएको हो ।मृत नीलगाईको अवस्था हेर्दा रोगको कारण थलिएर मरेको प्रारभिक अनुसन्धानमा देखिएको प्रमुख झाले बताए । 'स्थानीयवासीको भनाइअनुसार तीन÷चार दिनदेखि गाई झोक्रिएर हिँडेको थियो भन्ने सुन्नमा आयो', प्रमुख झाले भने, 'समयमै कसैले वन कार्यालय तथा नजिकको प्रहरी कार्यालयमा खबर गरेको भए उपचार गरेर बचाउने प्रयास गरिने थियो ।' धानबारीमा मृत नीलगाई भेटिएपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि जिल्ला प्रहरी कार्यालय सिरहाले वन कार्यालयलाई खबर गरेको थियो । प्रमुख झाका अनुसार के कति कारणले नीलगाई मृत फेला परेको हो भन्ने विषयमा थप अनुसन्धानमा जारी रहेको छ ।नीलगाईलाई नेपालमा संरक्षित वन्यजन्तुको रूपमा लिइन्छ । संरक्षित वन्यजन्तु चोरी सिकारी गरेको प्रमाणित भए वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम कारबाही हुनेछ । कसुर प्रमाणित भए छ महिनादेखि १५ वर्षसम्म कैद र १० हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना हुने वन्यजन्तु संरक्षण ऐन, २०२९ मा व्यवस्था गरिएको छ ।

# सूचनामा विश्वव्यापी पहुँचको लागि अन्तर्राष्ट्रिय दिवस मनाइँदै

**रासस**
**काठमाडौ ।**
प्रत्येक वर्ष सेप्टेम्बर २८ का दिन मनाइने सूचनामा विश्वव्यापी पहुँचको लागि अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि आज विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । सन् २०१९ अक्टोबर १५ मा संयुक्त राष्ट्र सङ्घको महासभाको ७४ औँ सत्रले यो दिवस मनाउने निर्णय पारित गरेको थियो । युनेस्कोेको सिफारिस र विश्वमा लोकतन्त्रका लागि सूचनामा पहुँचको आवश्यकतालाई ध्यानमा राखी संयुक्त राष्ट्र सङ्घको महासभाले यो ऐतिहासिक निर्णय गरेको थियो । त्यसबेलादेखि विश्वभर र नेपालले यो दिवसलाई सम्झनामात्रै नभई सूचनाको हकलाई सर्वसाधारण नागरिकका बीचमा पु¥याउने उद्देश्यसहित विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आएका राष्ट्रिय सूचना आयोगले जनाएको छ ।जुलाई २०११ मा, संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार समितिले सूचनामा पहुँचको अधिकार अभिव्यक्ति स्वतन्त्रताको एक अन्तर्निहित हिस्सा हो भन्ने विषयलाई स्वीकार गरेको थियो ।
यो अधिकारका मुख्य दुई आयाम छन् । पहिलो राज्यलाई सीमित अवपादबाहेकका सूचना दिने दायित्व र सार्वजनिक हितका सूचना स्वतः प्रकाशित गर्ने । संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्यको सूचकाङ्क १६.१०.२ ले सूचनाको हकसम्बन्धी प्रभावकारी कानुन निर्माण तथा कार्यान्वयन गर्ने जिम्मेवारी तोकेको छ । सूचनामा पहुँचले सार्वजनिक निकायको पारदर्शिता र जवाफदेहिता बढाउँछ, भ्रष्टाचारका अवसर घटाउँछ, सचेतनाका कारण सेवा प्रवाहमा सुधार गर्छ, सुशासनका लागि योगदान गर्छ, सूचना खोज्न नागरिकलाई सशक्त बनाउँछ, नागरिकको सहभागिता बढाउँछ, सार्वजनिक निकाय र नागरिकबीचको खाडल घटाउँछ र सार्वजनिक निकायउपर सर्वसाधारण नागरिकको विश्वास बढाउँछ । विशेष गरी ग्रामीण क्षेत्रका नागरिक, सीमान्तकृत समुदाय र पिछडिएका समुदायमा सूचनाको हकका बारेमा अझै पर्याप्त जानकारी र चेतना पुग्न बाँकी रहेको छ । आयोग, सूचनाको हकका अभियानकर्मी तथा आमसञ्चार माध्यमबाट सूचना प्रवाह गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक निकाय र सूचनाको आवश्यकता पर्ने नागरिक तहमा चेतनाको स्तर बढाउन प्रयास भइरहेको आयोगले जनाएको छ ।
युनेस्कोले यस वर्षको दिवसका लागि सूचनामा पहुँचका लागि अनलाइन स्पेशको महत्व भन्ने नारा तय गरेको छ । यसै विषयलाई प्राथमिकतामा राखेर विविध कार्यक्रमको आयोजना गरिरहेको छ । यही विषयवस्तुमा केन्द्रित रहेर आयोगले पनि अनलाइन स्पेश र सूचनाको हक ः अवसर र चुनौती विषयक राष्ट्रिय गोष्ठीको आयोजना गरी अनलाइन स्पेशको सदुपयोगबाट सूचनाको हकको प्रवद्र्धनका लागि प्रयास गर्ने प्रमुख आयुक्त एवं आयुक्तले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।
पछिल्लो अवधिमा आयोगले सही सूचना प्रवाहका लागि सामाजिक सञ्जाल, इन्टरनेट, इमेलजस्ता विद्युतीय माध्यमको सदुपयोगमा जोड दिँदै आएको छ । यसबाट स्वभाविक रुपमा सूचना मागकर्ता र सार्वजनिक निकायलाई सहज बनाएको विश्वास आयोगको रहेको छ ।
यस अवसरमा सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले पनि सम्मेलन गर्ने लागेको जनाइएको छ । सम्मेलनमा देशभरका चार सय जनाको सहभागिता रहने अध्यक्ष उमीद बागचन्दले जानकारी दिए ।सूचनाको हकलाई तल्लो तहसम्म पु¥याउन बिहीबार राष्ट्रिय सम्मेलनसूचनाको हकका लागि राष्ट्रिय महासङ्घले सूचनाको हकको अभियानलाई तल्लो तहसम्म पु¥याउन राजधानीमा एक दिने राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ ।देशभर सूचनाको हकको महत्त्व र आवश्यकता महसुस गराई आमजनताले समेत सूचना माग्ने वातावरण बनाउन अभियानकर्ता, पत्रकार, नागरिक समाज, कानुन व्यवसायी, महिला, युवा, विद्यार्थी र काठमाडौँ उपत्यकाभित्र रहेका सरकारी कार्यालयका सूचना अधिकारीको समेत सहभागितामा सम्मेलन आयोजना गर्न लागिएको महासङ्घले जनाएको छ ।
सम्मेलनका विषयमा जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष उमीद बागचन्दले समन्वयात्मक रुपमा बृहत्तर छलफल गर्ने थलोका रुपमा सम्मेलन गर्न लागिएको बताए । नेपालको संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन २०६४, नियमावली २०६५, कार्यविधि एवं निर्देशिका समेत बनिसक्दा पनि तीनै तहको सरकारले सूचनाको हकको विषयलाई आफ्नो बजेट, नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेका छैनन् । संविधान प्रदत्त मौलिक हकलाई नागरिकस्तरबाट व्यापकरुपमा व्यावहारिक प्रयोग गर्न सार्वजनिक निकायबाट सहजै सूचना लिने दिने वातावरण बनोस् भनेर सरकारको ध्यानाकर्षण गराउन महासङ्घले जोडदार रुपमा यो विषय उठाउँदै आएको छ । महासङ्घले आयोजना गर्न लागेको यो पहिलो राष्ट्रिय सम्मेलनले सूचनाको हकको क्षेत्रमा क्रियाशील सातै प्रदेश र ७७ वटै जिल्लाका अभियानकर्मीलाई हौसला प्रदान गर्ने र यो अभियानले अझै उचाइ लिने विश्वास लिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । सूचनाको हकको कानुन कार्यान्वयनमा फितलो भएका कारण सम्मेलनमा सरोकार भएका सबै निकायका अधिकारीलाई बोलाएर छलफल गर्न लागिएको महासङ्घका महासचिव अजयकुमार साहले बताउनुभयो । सूचनाको हकको कानुन कार्यान्वयनमा सरकार उदासिन र राष्ट्रिय सूचना आयोगले पनि प्रभावकारीरुपमा काम नगरेकाले पनि सम्मेलनमार्फत छलफल गर्न लागिएको उनले जानकारी गराए ।सभामुख देवराज घिमिरेले बिहीबार बिहान सम्मेलनको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको छ ।

# चार राजदुतले लिए शपथ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नवनियुक्त चारजना राजदूतले बुधबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएका छन् ।राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजना गरिएको विशेष समारोहमा राष्ट्रपतिले उनीहरुलाई राजदूत पदको पद तथा गोपनीयताको शपथ गराएका थिए ।
बुधबार राष्ट्रपतिबाट शपथ लिने चारजना नवनियुक्त राजदूतमा सुधीर भट्टराई (फ्रान्स), तेजबहादुर क्षेत्री (यूएई), घनश्याम लम्साल (कुवेत) र रामप्रसाद सुवेदी (स्विट्जरल्यान्ड) रहेका छन् ।
शपथग्रहण कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङलगायत सरकारका उच्च पदस्त अधिकारीहरुको उपस्थिति रहेको थियो ।

# चीनभ्रमण सोचेभन्दा बढी सफल भयोः प्रधानमन्त्री



**रासस**
**ल्हासा ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो चीन भ्रमण सोचेभन्दा पनि बढी सफल भएको आफूले महसुुस गरेको बताएका छन् । बुधबार चीनको स्वशासित क्षेत्र ल्हासा आइपुगेका प्रधानमन्त्री दाहालले ल्हासामा अवस्थित नेपाली महावाणिज्यदूतावासमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भने, 'म अमेरिकादेखि नै आएँ र यस पटकको चीन भ्रमण कस्तो होला भन्ने पनि लागिरहेको थियो । तर अहिले मलाई महसुस भएको छ कि भ्रमण मैले, हामीले सोचेभन्दा पनि फरक भएको छ, सफल भएको छ ।' यस पटकको आफ्नो चीन भ्रमण यसकारण पनि अन्तर्राष्ट्रियरुपमै चासो रहेको आफूले पाएको उनको भनाइ थियो । त्यसैले यो भ्रमणको सफलताका विषयमा सबैतिर चासो रहेको उनले बताए । प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटवार्ता निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै त्यस भेटवार्ताका क्रममा नेपाललाई उनले निकै नै महत्त्व दिएको आफूले पाएको बताए । प्रधानमन्त्री दाहालले एसियाली खेलकूद प्रतियोगिताको आयोजना गरेको सहर हाङ्चाउमा चिनियाँ राष्ट्रपति सी सँग भेटवार्ता गरेका थिए । त्यस क्रममा उनले एक्लै र नेपाली प्रतिनिधिमण्डलले नै भेटेको र आफूहरुलाई एक घन्टा नै समय दिएको प्रसङ्ग उल्लेख गरे । प्रधानमन्त्री दाहालले भने, 'कुनै पनि देशसँग चीनजस्तो देशका राष्ट्रपतिले एकरएक घन्टा समय दिनु भनेको सामान्य होइन, हामीलाई पनि थाहा छ चीनले अरु देशका राष्ट्रप्रमुख तथा सरकारप्रमुखहरूलाई समय दिएको देखे सुनेका छौँ, त्यसैले मलाई लाग्छ यो एक दुर्लभ घटना पनि हुनसक्छ ।' भेटका क्रममा सौहार्दपूर्ण कुराकानी भएको र यसबाट नेपाल–चीन सम्बन्धमा भेटवार्ता एक महत्त्वपूर्ण सिद्ध हुने बताए । राम्रो समझदारी बनेको र राम्रो परिस्थितिको सुरुआत भएकाले यसले आगामी दिनमा राम्रै परिणाम दिने उनको भनाइ थियो । आफू एसियाली खेलकुदको उद्घाटनदेखि सहभागी भएको र त्यसपछि बेइजिङमा आएपछि यहाँका प्रधानन्त्री लि छ्याङसँग पनि त्यस्तै महत्त्वपूर्ण भेटवार्ता भएको उनको भनाइ थियो । प्रधानमन्त्री दाहालले भने, 'भूकम्पपछि तथा कोभिडमा बन्द भएका चीनसँगका नेपालका सबै नाकाहरु खुल्ने सहमति प्रधानमन्त्रीसँगको द्विपक्षीय वार्ताका क्रममा भएको र यसले नेपाललाई अहिले नाका बन्द भएका कारण व्यापार व्यवसाय एवं स्थानीय नागरिकमा उत्पन्न विभिन्न समस्याको समाधान हुनेछ ।'त्यस क्रममा नेपाल–चीन सम्बन्धका विविध विषयमा चर्चा भएको, दुई देशबीच विभिन्न सहयोग तथा सम्झौता एवं समझदारीपत्रहरुमा हस्ताक्षर भएका र आगामी दिनमा त्यसले नेपालको हितमा योगदान गर्ने उनले बताए । यस भ्रमणबाट नेपाल–चीनबीचमा नयाँ भरोसा उत्पन्न हुनुका साथै नयाँ सहमति र समझदारी बनेको बताउँदै यसले नेपालका लागि ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री दाहालले तिब्बत नेपाल र चीनबीचको सम्बन्धको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको, नेपालसँगका नाकाहरु पनि तिब्बतमै पर्ने भएकाले आगामी दिनमा थप जिम्मेवार भएर काम गर्न महावाणिज्यदूतावासलाई निर्देशन पनि दिए । सबै नाका खुल्ने सहमति भएको जानकारी दिँदै उनले त्यसलाई कार्यान्वयनमा ल्याउनका लागि महावाणिज्य दूतावासले सक्रिय रुपमा काम गर्नुपर्ने बताए । कार्यक्रममा ल्हासास्थित महावाणिज्यदूत नवराज ढकालले यस महावाणिज्यदूतावासले गर्दै आएका काम कारबाहीका साथै यहाँको अवस्थाको बारेमा जानकारी गराएका थिए । त्यसैगरी तिब्बतमा बसोबास गर्ने नेपालीले प्रधानमन्त्रीसँग आफ्नो बसाइ र यहाँको व्यापार लगायतका विषयमा जानकारी गराएका थिए ।

## तिब्बतमा प्रधामन्त्री प्रचण्ड र सिपिसीका सचिव वाङबीच भेटवार्ता

चीनको औपचारिक भ्रमणका क्रममा ल्हासामा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीनको स्वशासित क्षेत्र तिब्बतमा चिनियाँ कम्युनिष्ट पार्टीको तिब्बत पार्टी कमिटीका सचिव वाङ सियाङसँग भेटवार्ता गरे । भेटवार्तामा प्रधानमन्त्री प्रचण्डले आफ्नो चीन भ्रमण अत्यन्त उत्साहजनक रहेको बताउँदै सचिव वाङ सियाङलाई चीन सरकारले नेपाल–चीन सम्बन्धका लागि इन्चार्जको जिम्मेवारी दिएकाले सियाङको नेतृत्वमा भएका नेपाल–चीन सम्बन्धलाई थप उचाइमा पुर्याउन महत्त्वपूर्ण योगदान पुगेको बताए । उनले नेपाल र चीनबीचका द्विपक्षीय हितका लागि हरेक क्षेत्रमा सहकार्य गर्न नेपाल सरकार तयार रहेको पनि बताए । भेटवार्तामा सचिव सियाङले प्रधानमन्त्री प्रचण्डको चीन तथा तिब्बत भ्रमणबाट आफू धेरै खुसी भएको बताउँदै नेपालसँगको सम्बन्धलाई अझ उचाइमा पुर्याउन आफू अझ सक्रिय रहने बताए । भेटवार्तामा प्रधानमन्त्रीको भ्रमण दलमा रहेका सदस्यहरु सहभागीथिए ।

# अव्यवहारिक नीतिले पुँजी बजार धारासायी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
धितोपत्र ब्रोकर एशोशिएशन नेपालका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघ पुँजी बजार फोरकका अध्यक्ष सागर ढकालले सरकारी अब्यवहारिक नीतिका नेपालको पुँजी बजार धरासायी भएको बताएका छन् ।उनले नेपाल उद्योग तथा व्यवसायी महासंघद्वारा आयोजित नेकपा एमालेसँग निजीक्षेत्र विषयक कार्यक्रममा बोल्दै सो कुरा बताएका हुन् ।
'अहिले वित्त नीति र मौद्रिक नीतिले माईक्रो म्यानेजमेन्ट गरेर पुँजी बजारलाई धराशायी बनाउने काम गरेको छ,' उनले भने, 'देशमा व्यापार व्यवसाय विकास र विस्तारको लागि छरिएर रहेको पूँजीलाई संकलन गरी सरकार र नीजि क्षेत्रको लागि नपुग पूँजी जुटाउन, अर्थतन्त्रलाई थप चलायमान बनाई सरकारको लागि राजस्व संकलनको नयाँ क्षेत्रको रुपमा विकास गर्न, कम्पनीहरुको वास्तविक मूल्य निर्धारण गर्ने क्षेत्र पूँजीबजार हो तर हामीकहाँ ठिक यसको विपरित पुँजी बजारलाइ धराशायी पार्ने काम भैरहेको छ ।'स्वदेशी तथा विदेशी पूँजी आकर्षित गरि ठूलाठूला पूर्वाधार निर्माणदेखि स–साना स्टार्टअपको संचालनको लागि आवश्यक पूँजीको दीर्घकालीन व्यवस्थापन पूँजीबजारबाट गर्नको लागि सहज हुने हुँदा पूँजी बजारको बिकास र विस्तारको विकल्प नरहेको उनको तर्क थियो ।
पछिल्लो विवरण अनुसार हितग्राही खाता (डीम्याट) खोल्नेको संख्या करिब ५९ लाख, मेरो शेयर प्रयोगकर्ता ५० लाख छन भने अनलाइनबाट कारोबार गर्नेको संख्या करिव १९ लाख पुगेको छ । तर सरकारी नीतिकै कारण पुँजी बजार धराशायी भएर ती लगानीकर्ताहरु विचल्ली परेर घरबार बिहीन हुने अवस्था आउन लागेको उनको भनाई थियो ।'कुल जनसंख्याको २० प्रतिशत जनसंख्या पूँजीबजारमा आवद्ध भएका छन् भने कुल सुचिकृत कम्पनीको संख्या २३८ पुगेको छ,' उनले भने, 'तर राष्ट्र बैंकले सेयर बजारलाई धराशायी बनाउन अब्यहारिक नीति अबलम्बन गरेर ४४ खर्ब पुगेको सेयर बजारको पुँजीकरण ३० खर्बमा झरिसकेको छ भने धेरैजसो लगानीकर्ता घरबार बिहीन भएका छन् भने कतिपयले यसैका कारण आत्महत्या समेत गरेका छन् ।'
संस्थागत लगानीकर्ताको लागि करको दर बढी हुनु, करोडौ लगानीका कम्पनीहरुलाई ऋण रकममा सीमा तोकनु, नियमनकारी निकायहरुले सस्थागत लगानीकर्तालाई लागि प्रोत्साहन गर्नुको सट्टा न्युनतम लगानी अबधि तोक्ने लगायतका कार्यबाट उल्टो निरुत्साहन गर्ने कार्य हुदै आएको समेत उनले जानकारी दिए ।साथै प्राथमिक शेयरमा आवेदन बन्देज हुनु, अग्रिम कर तथा अन्तिम करको दर धेरै रहनु र सोको सम्बन्धित बर्षमा समायोजनको व्यवस्था नहुनुले जस्ता कारणले संस्थागत लगानीकर्ताको हिस्सा सार्क राष्ट्रमै न्यून रहेको अबका दिनमा पुजी बजार विकासका लागि यसलाई प्रोत्साहन गर्नुपर्ने उनले जानकारी दिए। आ.व. २०७७÷७८ मा करिब १४ खर्ब ६० अर्ब रुपैयाँ बराबरको कारोबार भइ करिब १४ अर्ब रुपैयाँ अग्रिम पूँजीगत लाभकर वापत सरकारी खातामा योगदान दिने पुँजी बजारले राष्ट्र बैंकको संकुचनकारी नीतिकै कारण आ.व २०७८÷७९ भरिमा २ अर्बमा झरेको र यसबाट सरकारले ठूलो हिस्सा राजस्व गुमाएको समेत उनले जानकारी दिए ।
साथै चालू आबको पहिलो दुई महिनामा त्यस्तो राजस्व ५४ करोड मात्र उठेको यसले आगामी दिनमा अझै समस्या सिर्जना गर्ने उनको तर्क थियो ।
अहिले बैंक तथा वित्तीय संस्थाहरुको कूल डिपोजिट ५७।४३ खर्ब र कर्जा लगानी ४८।७४ खर्ब रहेको तर शेयर धितो कर्जा ७६ अर्ब अर्थात् कूल कर्जाको १।५६ प्रतिशत देखिन्छ ।जब कि सबै भन्दा बढी कर्जा दुरुपयोग भनिरहदा समेत १ खर्ब ६ अर्ब सेयर धितो कर्जा प्रबाह भएको उनले जानकारी दिए।'यहाँ नेर हामीले नबुझेको विज्ञले बोलिदिनु पर्ने कुरा २०७८ असारमा माजिन प्रकतिका कर्जा जम्मा रु १०६ अर्ब जुन कूल अर्जको २.५४ प्रतिशत हो बजार बढेकै कर्जाको कारण हो भनि कठोर नीति ल्याइयो अनि ७६ अर्बमा ल्याइयो र अहिले ७६ अरबमा झारियो, अहिले नीति निर्माता मक्ख, कर्जा घट्यो भनेर तर कति राजस्व गुमाइयो कति को खुशी लुटियो, कतिलाई बिदेसिना बाध्य पारियो र यहि रहेका कतिलाई दिप्रेसनामा पारियो त्यसको हिसाब कसले राख्ने ?' उनले भने, 'बजार सुधारका लागि सेयर र धितो कर्जाको एकल ग्राहक सिमा हटाउने, शेयर धितो कर्जाको जोखिम भारलाई १०० प्रतिसत कायम गर्ने, इन्ट्रा डे ट्रेडिङ शुरु गर्ने, वन्ड मार्केटको विकाश गर्ने तथा मार्जिन ट्रेडिङ सम्बन्धी नीति ल्याउन आवश्यक छ ।'

# घान्द्रुकमा होटल व्यवसायको जग बसाउने 'शङ्करमान'



**धनबहादुर गुरुङ**
**अन्नपूर्ण ।**

विसं २०२० को दशकमा पोखरा–बागलुङ राजमार्ग खुलेकै थिएन । पर्यटक अन्नपूर्ण बेसक्याम्प पुग्न पोखराबाटै हिँड्थे । उनीहरूको एक रातको बसाइ कास्कीको अन्नपूर्ण गाउँपालिका–१० र ११ को पर्यटकीय गाउँ घान्द्रुकमा हुन्थ्यो । ढुङ्गेनी गाउँले परिचित गाउँमा पर्यटकको नजर जान्थ्यो र उनीहरूलाई एक रात त्यहीँ बस्न चाहन्थे । तर, घान्द्रुकमा त्यो समय होटल, रेष्टुरेण्ट थिएन । गाउँमा अङ्ग्रेजी भाषा जानेको मानिस भेटिन गाह्रो थियो । सोही समय पर्यटकको सारथि बने, घान्द्रुकका शङ्करमान गुरुङ । विसं २०२६ मा उनले घान्द्रुककै मेश्रम वराह विद्यालयमा भर्खर–भर्खर पढाउन थालेका थिए । अङ्ग्रेजी विषय पढाउने उनलाई भाषा नआउने कुरै भएन । विद्यालय बिदापछि घर पुग्दासम्म पर्यटकलाई बाटो देखाइदिने र बास बस्ने ठाउँ देखाउने काम उनले नै गरे । त्यसबेला घान्द्रुकमा 'फिस्टेल' नामको होटलमात्र थियो । फिस्टेललाई पाहुना राख्न भ्याइनभ्याइ हुन्थ्यो । केहीलाई बास पाउनै मुस्किल । अन्ततः शङ्करमान आफैँले घरमा पाहुना राख्ने निधो गरे । समयक्रमैसँगै जन्मिएको थियो, उनको होटल मिलन । 'चार बजे छुट्टी भएर घर फर्किँदा विदेशी पर्यटन बाटोमा भेटिन्थ्यो', शङ्करमान २०२६ सालतिको कुरा सम्झिए, 'उनीहरूले यहाँ लजिङ फुडिङबारे सोध्थे । त्यो बेला यहाँ फिस्टेलबाहेक अरु होटल थिएनन् । त्यहाँ प्याक भएपछि मेरै घरमा लगेर पाहुना सुताउँथे ।' घरमै सेवा दिँदा सुरुमा त आफूले सित्तैमा राखेको उनी सम्झिन्छन् । 'हामीले त पाहुनालाई जसरी पनि सम्मान गर्ने हो भन्ने हुन्थ्यो । त्यो बेला पैसा लिने चलन थिएन', उनले सम्झिए, 'बिहान टे«किङ जाने बेला कति हो, के हो भनेर सोध्थे । हामीलाई त कहिल्यै व्यवसाय गरे पो थाहा हुनु, 'पर्दैन' भन्थेँ । उनीहरु आफैँले अलि–अलि पैसा छाडेर जान्थे । अनि मलाई पनि व्यवसाय गर्न मन लाग्यो ।' होटल गर्दा गाउँलेले नराम्रो नजरले हेरेको तीतो यथार्थ पनि उनले सम्झिए । 'कूल घरानाका मान्छेले बाटोमा बसेर अर्काको जुठो भाँडा माझ्ने भन्थे', शङ्करमानले भने, 'मैले वास्ता गरिनँ । होटल सञ्चालन थाले । अहिलेचाहिँ सबैले मेरो कपी गरेका छन् ।' त्यो समय एक सुका कप चिया । साढे ३ रुपैयाँमा खाना । बास सित्तैमा थियो । घान्द्रुकका होटल व्यवसायी शङ्करमान गुरुङले पनि यो 'रेट' लिने गर्थे । सुका र मोहोरको त्यो जमाना अहिले फेरिएको छ । तर शङ्करमान र होटल मिलनको सम्बन्ध ५३ वर्षदेखि अनवरत चलिरहेकै छ । सन् १९५० जुन ३ अर्थात् २००७ जेठ २१ मा फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण प्रथम आरोहण गरेपछि त अन्नपूर्ण पदमार्गले चर्चा पायो । पर्यटकीय गाउँ घान्द्रुक पुनः आकर्षणको केन्द्र बन्न थाल्यो । 'गोराहरूको टार्गेट भनेकै अन्नपूर्ण बेस क्याम्प थियो । तर एक रात घान्द्रुक बसेर उकालो चढ्थे', शङ्करमानले भने, 'त्यो बेला पोखरा–बागलुङ सडक खुलेकै थिएन । पोखराबाट नै टुरिस्ट आउँथे । उनीहरूलाई होटल मिलनबाट सेवा दिन पाउँदा निकै खुसी लाग्थ्यो ।' घान्द्रुकको पहिलो होटल फिस्टेल बीचैमा बन्द भयो । तर शङ्करमानले होटल मिलनबाट पाहुनाको सेवा गरिरहे । उनले पाहुनालाई साथीको व्यवहार गरे । सोही कारण पनि उनको पर्यटकसँग पुरानो सम्बन्ध छ । एकपटक आएका पाहुना फर्की–फर्की आउने गरेको शङ्करमान बताउँछन् । उनले भने, 'होटलका कारण विदेशी पर्यटक साथी बने । मेरा सबैभन्दा मिल्ने साथी अमेरिकाका स्कट ब्राउन हुन् । सिङ्गापुर, जापान सबैतिरका साथीहरू भेट्न हरेक वर्षजसो आउँछन् ।' अठहत्तर वर्षीय शङ्करमान उमेर ढल्किँदै गएपछि विस्तारै व्यवसायबाट टाढा हुने सोचमा छन् । 'काम गर्ने भनेर मात्र नहुने रहेछ । अब नसक्ने अवस्थामा पुगेको छु', उनले भने, 'अब छोराबुहारीलाई गर भनेर छाड्ने सोचमा छु ।' सुरुमा हेयको भावले हेर्ने घान्द्रुकका स्थानीय अधिकांशले होटल स्थापना गरी पाहुनाको सेवा गरेको देख्दा उनलाई अहिले खुसी लाग्छ । 'सुरुमा मैले नै सबैलाई यसो गर्नुपर्छ भनेर सिकाएको हुँ । अहिले सबैलाई राम्रो भएको छ', शङ्करमानले भने, 'मैले एक सुका कप चियाबाट सुरु गरेको व्यवसाय १४ कोठाबाट ३५ जनालाई सेवा दिन्छु । अहिले कोठाको एक हजार दुई सय रुपैयाँ, खानाको दालभातको पाँच सय ५० रुपैयाँ, चियाको ७० रुपैयाँ भएको छ ।' घान्द्रुकमा होटलका पायोनियर शङ्करमान गुरुङलाई घान्द्रुक पर्यटन व्यावसायी समिति आफ्नो पहिलो साधारणसभामा सम्मानसमेत गरेको छ । शङ्करमानको सिको गर्दै विस्तारै घान्द्रुकमा होटल रेस्टुरेन्ट खुल्दै गएको घान्द्रुक पर्यटन व्यवसायी समिति अध्यक्ष विक्रम गुरुङले बताए । विक्रमका अनुसार घान्द्रुकका करिब तीन सय घरधुरीमध्ये एक सय पाँचमा विभिन्न व्यवसाय सञ्चालित छ । जसमा ५५ होटल, १८ होमस्टे (घरबास) र बाँकी रेस्टुरेन्ट, चिया कफी पसल छन् । घान्द्रुकमा होटल तथा होमस्टे गरी सात सय २० कोठामा एकै दिन दुई हजारसम्म पाहुना राख्न सकिने अध्यक्ष विक्रम गुरुङले बताए ।

# पोखरालाई पर्यटकीय राजधानी बनाउने बहस कहिलेसम्म ?

**रासस**
**गण्डकी ।**

पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न वर्षौं अघिदेखि थालिएको प्रयास निरर्थक बन्दै आएको छ । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पटकपटक पोखरालाई पर्यटकीय राजधानी घोषणका लागि गरेको औपचारिक प्रस्ताव हालसम्म कार्यान्वयन हुन सकेको छैन । पर्यटकीय राजधानी घोषणाको माग गर्दै पाँच वर्षअघि पृथ्वीसुब्बा गुरुङ नेतृत्वको प्रदेश सरकारले पहिलोपटक सङ्घीय मन्त्रिपरिषद्लाई पत्राचार गरेको थियो । त्यसयता गठित कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारका पालामा पनि प्रस्ताव सङ्घीय सरकारमा पुगेको थियो । पोखरा महानगपालिकाका प्रमुख धनराज आचार्यले पदभार ग्रहणपछि पहिलो निर्णय पोखरालाई पर्यटकीय राजधानी घोषणा गराउन सङ्घीय सरकारलाई प्रस्ताव पठाउने रहेको उनले बताए । पोखराका पर्यटन सम्बद्ध सङ्घसंस्था र व्यवसायीले पनि पर्यटकीय राजधानी घोषणाको माग गर्न थालेको वर्षौं भइसकेको बताएका छन् । गत वर्ष पोखरा आएका बेला तत्कालीन पर्यटनमन्त्री जीवनराम श्रेष्ठले पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि प्रक्रिया अगाडि बढेको बताएका थिए । तर अहिलेसम्म प्रस्ताव सङ्घीय मन्त्रिपरिषद्मा पुग्न सकेको छैन । पोखरा कहिले पर्यटकीय राजधानी घोषणा हुन्छ ? कुनै टुङ्गो छैन । प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले पर्यटकीय राजधानी घोषणाका लागि प्रदेश आफैँ पनि सक्षम र तम्तयार रहनुपर्ने बताए । 'सङ्घीय सरकारलाई पनि झक्झाउने र हाम्रो तयारीलाई पनि अगाडि बढाउनुपर्छ', उनले भने, 'यसलाई चर्चाको विषय मात्र बनाउनुहुँदैन, सङ्घीय सरकारले नमाने दबाबका लागि प्रदेश आफैँले भएपनि घोषणा गर्नुपर्छ ।' मन्त्री थापाले नीति तथा कार्यक्रममा प्रदेशको समृद्धिको पहिलो आधारका रुपमा पर्यटनलाई किटान गरिएको भए पनि सोही अनुसार बजेटको प्राथमिकता पर्न नसकेको उल्लेख गरे । 'पर्यटनमा नीति, कार्यक्रम र बजेटको तालमेल मिल्न सकेको छैन, यसलाई आगामी बजेटमा सच्याउनुपर्छ भनेर मन्त्रिपरिषद्मा मैले कुरा उठाएको छु', उनले भने, 'प्रदेश राजधानी पोखरालाई पर्यटनको पनि राजधानी बनाउने हो भने त्यही अनुसारको स्रोतसाधन र लगानी चाहिन्छ, पूर्वाधार थप्नुपर्छ ।' पोखरा विश्वमै ख्याति कमाएको पर्यटकीय गन्तव्य भएकाले गुणस्तरीय सेवा र पूर्वाधारमा ध्यान दिनुपर्नेमा मन्त्री थापाले जोड दिए । 'पोखरा देशकै मुख्य पर्यटकीय गन्तव्य हो, पर्यटनबाटै अन्तरराष्ट्रियस्तरमा चिनिएको सहर पनि हो', उनले भने, 'पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने विषयमा सङ्घीय सरकारले पनि सहमति दिनुपर्छ ।' पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा पूर्वाधार सम्पन्न पर्यटकीय गन्तव्य रहेकाले राजधानी घोषणाको माग गरिएको बताए । 'पोखराका पर्यटन सम्बद्ध सङ्घसंस्था र व्यवसायीले धेरै पहिलेदेखि नै उठाउँदै आएको माग हो यो, तर अहिलेसम्म सुनुवाइ हुन सकेको छैन', उनले भने, 'पोखरा मात्रै नभएर सिङ्गो देशकै आर्थिक समृद्धिमा यसले दुरगामी महत्व राख्छ ।'

पर्यटकीय राजधानीको ओज र गरिमा धान्न पोखरा सक्षम रहेको अध्यक्ष श्रेष्ठको भनाइ थियो । विश्वप्रसिद्ध पर्यटकीय गन्तव्य पोखरा आसपासमै रहेको उनले सुनाए । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान र चीनसँगको कोरला नाका खोल्न सके पोखरासँगै सिङ्गो गण्डकी प्रदेशले आर्थिक समृद्धि हासिल गर्न सक्ने अध्यक्ष श्रेष्ठले उल्लेख गरे । 'कोरला नाका खोल्न सरकारले कूटनीतिक पहल थाल्नुपर्छ, नाका खुलेमा व्यापार र पर्यटनबाट नेपालले फाइदा लिन सक्छ', उनले भने, 'कैलाश मानसरोवर जाने पर्यटकलाई पनि मुस्ताङ हुँदै लैजान सकिन्छ, यो मार्ग छोटो पर्छ ।' अहिले पनि बर्सेनि भारतीयसहित हजारौँ विदेशी पर्यटक मुस्ताङ पुग्ने गरेका उनले बताए । अध्यक्ष श्रेष्ठले पोखरामात्र नभएर प्रदेशका अरू जिल्लाको पर्यटन प्रवद्र्धनमा हातेमालो गर्न पोखरेली पर्यटन व्यवसायीहरु तयार रहेको बताए । उनका अनुसार साधारणदेखि पाँच तारेसम्म गरी झन्डै एक हजार दुई सय होटल पोखरामा सञ्चालित छन् । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका पूर्वप्रमुख काशीराज भण्डारीले पर्यटकीय गतिविधि, सहज पहुँच, पर्यटकीय सुविधा, जागरुक निजीक्षेत्र र पर्यटनमैत्री कानुनी संरचनालाई आधारभूत पूर्वसर्त मानेर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न सकिने बताए । पोखरालाई पर्यटकीय राजधानीका रुपमा स्थापित गर्न चाहिने मापदण्ड प्रयाप्त पुग्ने उनको दाबी थियो ।

'हिमाल र तालतलैयाको अवलोकन, डुङ्गा सयर, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल लगायतको पदयात्रा, प्याराग्लाइडिङ, जिपलाइन, अल्ट्रालाइट, बञ्जी जम्प, केबुलकार, चरा अवलोकन, विभिन्न सांस्कृतिक मेला, महोत्सलगायत पोखराका पर्यटकीय गतिविधिमा पर्छन्', भण्डारीले भने, 'उत्तरपट्टि लहरै देखिने हिमशृङ्खला पोखराका मुख्य आकर्षण हुन् । प्राकृतिक, भौगोलिक र सांस्कृतिक विविधतायुक्त सौन्दर्यले पोखरा भरिपूर्ण छ ।' उनका अनुसार परम्परा झल्काउने गीत, नाच र झाँकी पोखराका सांस्कृतिक धरोहर हुन् । पर्यटकस्तरका पाँच सयभन्दा बढी सुविधायुक्त होटल, पोखरा वरपरका डाँडाकाँडामा रिसोर्ट, घरबास (होमस्टे), सुविधायुक्त रेष्टराँ, कफी सप, बार, लाउन्ज बार, सभा–सेमिनारका लागि सभाकक्ष र प्रदर्शनीस्थल पोखरामा रहेका उनले जानकारी दिए । हवाई र सडक दुवै मार्गबाट सहज रुपमा पोखरा आउजाउ गर्न सकिने सुविधा रहेको बताउँदै पर्यटकको सहजताका लागि पर्यटक बस, ट्याक्सीलगायतका यातायात सेवा उपलब्ध रहेका नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासु त्रिपाठीले बताए । उनका अनुसार यहाँ बैंक, एटिएम सेवा, विदेशी मुद्रा सटहीका लागि काउन्टरका साथै सङ्कटमा परेमा पर्यटकको उद्धार र राहतका लागि हेलिकोप्ट सेवा सञ्चालित छन् । पर्यटनका यिनै प्रचुरताका कारणले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुपर्ने आवाज उठ्दै आएको त्रिपाठीको भनाइ थियो । पर्यटन व्यवसाय आतिथ्य सत्कारसँग जोडिएकाले दक्ष मानव संसाधनको विकास गर्नुपर्नेमा उनले जोड दिए । 'हाम्रा गन्तव्य स्थलहरु कति पर्यटनमैत्री र सुरक्षित छन् भन्ने विषय महत्वपूर्ण हुन्छ, पर्यटनमा रुपान्तरणकारी योजना ल्याउनुपर्छ, सरकारले लगानी बढाउनुप¥यो, पर्यटनमैत्री नीति पनि चाहियो', त्रिपाठीले भने, 'समृद्धिको आधार भनेर घोषणमात्र गरेर हुँदैन त्यही अनुसारको कार्यक्रम ल्याउनुपर्छ ।' 'पोखरा जसरी विश्व पर्यटन बजारमा चिनिँदै गएको छ, गण्डकीका अरू पर्यटकीय गन्तव्यलाई पनि ब्राण्डिङ गर्नु जरुरी छ', उनले भने, 'राज्यका निकाय, निजी क्षेत्र र समुदायको यसमा पहल चाहिन्छ ।' उनले पर्यटनका लागि पूर्वाधार र प्रवद्र्धन नै महत्वपूर्ण हुने बताए । कोभिड–१९ महामारीअघि नेपाल भित्रने विदेशी पर्यटकमध्ये झन्डै आधा पर्यटकले पोखरा घुम्ने गरेको सरकारी तथ्याङ्कले देखाउने पोखरा पर्यटन परिषद्का अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनका अनुसार आन्तरिक पर्यटनको पनि ठूलो हिस्सा पोखराले ओगटेको छ ।



# विश्व पर्यटन दिवस मनाइयो



**रासस**
**काठमाडौँ ।**

बुधबार ४४औँ विश्व पर्यटन दिवस नेपालमा पनि विविध कार्यक्रमको आयोजना गरी मनाइयो । दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र पर्यटन विभाग तथा पर्यटन क्षेत्रका अगुवा सङ्घसंस्थाले विभिन्न कार्यक्रम गरी दिवस मनाएका हुन् । 'पर्यटन र हरित लगानी' भन्ने नाराका साथ नेपालमा विश्व पर्यटन दिवस मनाइएको पर्यटन मन्त्रालयले जनाएको छ । 'सबैका लागि पर्यटनः पहुँचयोग्य विश्वव्यापी पर्यटनको प्रवद्र्धन' नारासहित हरेक वर्ष सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाइन्छ ।

# पूर्वाधार र प्रचार–प्रसार नहुँदा कञ्चनपुरको पर्यटकीय क्षेत्र ओझेलमा

**रासस**
**दोधारा चाँदनी ।**

पूर्वाधार विकास र प्रचार–प्रसार नहुँदा कञ्चनपुरका थुप्रै पर्यटकीय क्षेत्र ओझेलमा परेका छन् । ती पर्यटकीयस्थलको प्रचार–प्रसार र पूर्वाधार अभावले ओझेलमा परेका हुन् । यहाँको गड्डाचौकी नाका भएर भारतीय तथा तेस्रो मुलुकका पयर्टक आउँछन् । तर गड्डाचौकी नाका भएर आएका पर्यटक यहाँका पर्यटकीयस्थल छाडेर काठमाडौँ पोखरा जाने गरेको अध्यागमन कार्यालय गड्डाचौकीले जनाएको छ । अध्यागमन कार्यालय कञ्चनपुरका सूचना अधिकारी पदमराज भट्टले गड्डाचौकी नाकाबाट तेस्रो मुलुकका पर्यटक आए पनि सिधैँ काठमाडौँ–पोखरालगायतका सहर घुम्न जाने गरेको बताए । 'अहिले विदेशी पर्यटक आउने सङ्ख्या बढेको छ', उनले भने, 'गत वर्षको भन्दा अहिले विदेशी पर्यटक आउनेक्रम बढेको छ ।' अध्यागमन कार्यालयको तथ्याङ्कानुसार २०२२ मा पाँच सय ४२ विदेशी पर्यटक गड्डाचौकी नाकाबाट नेपाल भित्रिएका थिए । यो वर्षको हालसम्म छ सय ८५ जना विदेशी पर्यटक भित्रिएका छन । सप्टेम्बरमा मात्रै एक सय ५४ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । कञ्चनपुरमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पर्यटकको सम्भावना बोकेको क्षेत्र हो । शुक्लाफाँटामा सयौँको सङ्ख्यामा देखिने बाहसिङ्गाको झुन्ड र घाँसे मैदान यहाँ आउने पर्यटकको मुख्य आकर्षणका रूपमा छ । यहाँ शुक्लाफाँटा मात्र नभई महाकालीपारिका गाउँ दोधारा र चाँदनीलाई जोड्ने एसियाकै सबैभन्दा लामो झोलुङ्गे पुल पनि छ । यस पुलको लम्बाइ एक हजार चार सय ९५ मिटर छ । दोधरा चाँदनीसम्म पुग्ने अव्यवस्थित सडक, बाहिरबाट आउने पर्यटकका लागि बसोबासका लागि उचित होटल नभएको कारणले पर्यटक त्यहाँसम्म पुग्न सकिरहेका छैनन् । त्यसैगरी धार्मिक र पुरातात्विक महत्वका हिसाबले यहाँका धार्मिक पर्यटकीयस्थल महत्त्वपूर्ण छन् । बेदकोट ताल र झिलीमिली ताल पनि महत्त्वपूर्ण पर्यटकीयस्थल छन् । तर यहाँसम्म पुग्ने सहज पहुँच नहुँदा यी क्षेत्र ओझेलमा परेका छन् । उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले यहाँको पर्यटनको विकासका लागि राज्यस्तरबाट लगानी हुन नसकेको बताए । 'हाम्रो यहाँ पर्यटनका थुप्रै सम्भावना छन्, तर पूर्वाधार र प्रचार–प्रसार अभावले गर्दा ओझेलमा छन्', मल्लले भने, 'सहज महँगो यातायात र पर्यटकीय क्षेत्रमा सुविधसम्पन्न होटललगायतको सुविधा छैन ।' उनले यहाँको पर्यटन विकासका लागि राज्यस्तरबाट पर्याप्त लगानी हुन नसकेको बताए । कञ्चनपुरबाट भारतको राजधानीसहितका ठूला–ठूला सहर नजिक छन । यहाँका पर्यटकीय क्षेत्रको प्रचार–प्रसार र पूर्वाधार विकासमा सरकारले जोड दिनुपर्ने व्यवसायी बताउँछन् । होटल व्यवसायी सङ्घ कञ्चनपुरका अध्यक्ष जगदीशचन्द्र भट्टले पूर्वाधार र सुविधा नहुँदा यहाँ पुगेका पर्यटक पनि यहाँ नबस्ने गरेको बताए । 'प्रचार–प्रसार र पूर्वाधार अभाव नै यहाँ पर्यटक नबस्ने प्रमुख कारण हुन्', उनले भने, 'नाकामा पर्यटक सूचना केन्द्रसमेत सञ्चालनमा आउन सकेको छैन ।' योसँगै हवाई यातायात पनि सञ्चालनमा आउन जरुरी रहेको उनले बताए । उनुभयो । यसैगरी यहाँ पर्यटकीय गन्तव्यको रूपमा महाकाली नदी किनार विकसित हुन थालेको छ । महाकाली पुल योजना कार्यालयले महाकाली नदीमा चार लेनको पक्की पुलसँगै पर्यटकका लागि मानवनिर्मित ताल निर्माण गर्न लागेको छ । महाकाली पुल आयोजना कार्यालयका अनुसार पुलसँगै चारवटा पोखरी निर्माण हुनेछन् । त्यसकै छेउछाउमा पाँच हजार बिरुवा रोप्ने योजना गरेको छ । पुल निर्माणसँगै महाकाली नदी किनारमा पर्यटकलाई आकर्षित गर्नका लागि आइसलेन्डसहितका चारवटा पोखरी निर्माण हुन लागेका छन् । यसले पनि यहाँको पर्यटनमा ठूलो टेवा पुग्ने अपेक्षा गरिएको छ ।



**धर्मबिनाको विज्ञान घाइते हो भने विज्ञानरहित धर्म अन्धो हो ।**
–अल्बर्ट आइन्सटाइन

## सम्पादकीय

### हिन्दु – मुस्लिम भाई – भाई

आज पैगम्बर दिवस । सम्पूर्ण मुस्लिम धर्मावलम्बी समुदायमा हार्दिक शुभकामना । बक्रिद र पैगम्बर दिवसमा हिन्दु समुदायले शुभकामना दिने । छठ र दशैंमा मुस्लिम समुदायले शुभकामना दिने । यो हाम्रो परम्परा थियो र छ । यतिबेला हिन्दुले मुस्लिमलाई र मुस्लिमले हिन्दुलाई हेप्ने, होच्याउने र एक अर्काप्रतिको अविश्वासको वातावरण बन्दैछ । आखिर किन ? आज पैगम्बर दिवस । सामाजिक सञ्जालमा यादव, साह, राउत, ठाकुर र झाहरुले पैगम्बर दिवसको अवसरमा शुभकामना व्यक्त गरिरहेको देखिन्छ । कृष्ण जन्माष्ठमीको अवसरमा आयोजित पूजापछि मुर्ती सेलाउन जाने क्रममा सर्लाहीको मलंगवामा विवाद उत्पन्न भयो । उक्त विवाद कुनै व्यक्ति व्यक्तिको बीचबाट सुरु भएर समुदाय हुँदै धार्मिक द्वन्द्वको रुप लिन पुग्यो । कफ्र्यु लगाइयो । निषेधाज्ञा जारी नै छ । त्यहाँको सन्देशले अन्यत्र नकारात्मक असर नपरोस् भनेर वीरगंज र हिजो लालबन्दी लगायत स्थानमा सद्भाव ¥याली निकालियो । आज जनकपुरधाम लगायत विभिन्न सहरहरुमा पैगम्बर दिवसको अवसरमा मुस्लिम समुदायले धार्मिक यात्रा निकाल्दैछ । जनकपुरधाममा कम्तीमा १५ हजार मानिसको सहभागिता उक्त यात्रामा रहने मुस्लिम समुदायका अगुवाहरुले बताउँदैछ । धार्मिक यात्रालाई भव्य र व्यवस्थित बनाउन विभिन्न समितिहरु गठन गरिएको छ । धार्मिक यात्रा निस्किने क्रममा कुनै किसिमको द्वन्द्व ननिम्तियोस् भनेर सुरक्षा निकायले उच्च सतर्कता अपनाउँदै छ । बुधबार साँझ जिल्ला प्रहरी कार्यालयमा बिहीबार निस्किन लागेको पैगम्बर दिवसको अवसरमा धार्मिक यात्रावारे छलफल चलिरहेको थियो । इजरायल मोहमद रिजबीको संयोजकत्वमा बिहीबार ठूलो सहभागीताबीच ¥याली निस्किने विषयलाई कसरी व्यवस्थापन गर्ने, द्वन्द्व निम्नि नदिने भन्ने विषयमा छलफल केन्द्रीत थियो । जिल्ला प्रहरी प्रमुख एसपी विश्वराज खड्काले भोली पैगम्बर दिवसमा मुस्लिम समुदायको ¥याली, पर्सी गोरु काटेको विरोधमा हिन्दु समुदायको ¥याली अनि फेरी इन्द्र पूजाको मेलाहरु भन्दै तनाव महसुस भइरहेको भाव प्रकट गरे । जबकी यस अघि चाँड, पर्व हिन्दुको होस् कि मुस्लिमको । सम्पूर्ण समाज, सुरक्षाकर्मी, सञ्चारकर्मी सबैले एक अर्कासँग खुशी साटासाट गर्ने गर्थे । अहिले यो पर्व र त्यो पर्व आयो कि सुरक्षाकर्मीलाई तनाव । यो स्वभाविक पक्कै पनि होइन । हिन्दु र मुस्लिम समुदायलाई फुटाएर द्वन्द्व निम्त्याउन को के स्वार्थको कारण उन्मादमा छन्, खोजी र अनुसन्धानको विषय हो । यस्तो नकारात्मक भावना फैलाउने तत्वलाई सबै धर्मप्रति आस्था राख्ने व्यक्तिहरुले अन्तरमनदेखि किन बहिष्कार नगर्ने ? सामाजिक सद्भाव कसलाई चाहिएको छैन । हामी भन्छौं हिन्दु–मुस्लिम भाई–भाई । हिन्दुले मुस्लिमलाई सम्मान गर्न सक्नुपर्छ, प्रतिक्रिया स्वरुप मुस्लिमले हिन्दुलाई सम्मान गर्नेछ । एकले अर्कोलाई बनाउन लाग्ने हो भने अर्कोले पनि ऋण तिर्न सद्भाव नै देखाउलान् । बदलाको भाव टिकाउ हुँदैन र यो कसैको हितमा पनि होइन भन्ने सोचको विकास गरी सबै जातजाति, धर्म, समुदायबीच सद्भावपूर्ण वातावरणको विकासमा हामी सबै नागरिकको दायित्व हो, जिम्मेवारी हो ।


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com


# धर्मनिरपेक्षताको कसौटीमा हिन्दूधर्म



डा. रामसागर पंडित

संसारका देशहरू धर्मसंस्कृतिलाई आ–आफ्ना देशको मान्यता अनुसार राजनीतिमा प्रयोग गरेका छन् । विश्वका इस्लामिक देशहरू लगभग सबैले इस्लामिक कानुन अनुसार नै शासन सत्ता चलाएका छन् । हिन्दूहरूको बसोवास स्थान खास गरी भारत र नेपालमा आदिकालदेखि नै रहेको कुरा विभिन्न ऐतिहासिक ग्रन्थबाट हेर्न पाइन्छ । नेपाल एउटा सानो भूगोलको देशभएपनि विश्वमा हिन्दू राष्ट्रको नामले प्रसिद्ध थियो । गणतन्त्र आउनुभन्दा पहिलेसम्म नेपाल एक राजतन्त्रात्मक हिन्दू राष्ट्र थियो । नेपालका विगतका संविधानहरूलाई हेर्दा प्रत्येक संविधानमा राजा र हिन्दू शब्दको उल्लेख रहेको पाइन्छ । नेपालको संविधान २०१९ ले आफ्नो मुख्य विशेषतामा यसरी लेखेको छः नेपाललाई बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न हिन्दू संवैधानिक राजतन्त्रात्मक राज्यको चिनारी दिइएको थियो । नेपालको अन्तरिम संविधान २०६३ मा धर्मनिरपेक्षता शब्दको पहिलो चोटी प्रयोग भएको देखिन्छ । नेपालको संविधान २०७२ लेसमेत धर्मनिरपेक्षताको प्रयोग गरेको छ तर यसले धर्म निरपेक्षता शब्दलाई यसरी परिभाषित गरेको छ । धर्मनिरपेक्षता भन्नाले सनातनदेखि चलि आएको धर्म, संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता भनी व्याख्या गरेको छ ।

यसरी नेपालको संविधान २०७२ ले घुमाइरो पाराले होइन सोझो अर्थमा सनातन धर्म र संस्कृतिको संरक्षण गर्दै अन्य धर्म संस्कृतिको स्वतन्त्रता प्रदान गरेको छ । यसको अर्थ प्रष्ट छ कि सनातन धर्म अर्थात हिन्दू धर्ममाथि कुनै किसिमको आँच नआउने गरी आ–आफ्ना धर्म स्वतन्त्रापूर्वक मनाउन छूट छ । हिन्दू धर्म यस्तो धर्म हो जसमा सालैभरी कुनै न कुनै पर्वतिहार तथा उत्सबहरू भैरहन्छन् । हिन्दू धर्मावलम्बीहरू गाईलाई आमा मानेर पूजा गर्छन् । नेपालले विगतदेखि हालसम्म गाईलाई राष्ट्रिय जनावर घोषणा गरेको छ । यसरी संविधानमा उल्लेख भएको बुँदा अनुसार गाईमाथि कुनै किसिमको कहिँकतैबाट आँच आउनु हुँदैन । संविधानमा उल्लेख भएको कुरालाई आफ्नो ढंगले तोडमटोर गरी अर्थ लगाउँदा संविधानभन्दा अलि बाहिर जान्छ । यस्तो अर्थ लगाउने कसैको अधिकार छैन । नेपालको संविधान २०७२ को भाग १ प्रारम्भिक ४ मा के उल्लेख गरेको छ भने नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रतात्मक, समाजवाद उन्मुख, संघीय लोकतीन्त्रक गणतन्त्रात्मक राज्य हो । यसै धाराको स्पष्टीकरणमा यस धाराको प्रयोजनको लागि धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ । त्यसैले संविधानमा उल्लेख भए अनुसार सबै नेपालीलाई सनातन धर्मलाई संरक्षण गर्दै आफ्ना धर्मसंस्कृति मनाउने पूर्ण स्वतन्त्रता छ ।

नेपालमा विगतदेखि सबै धर्मावलम्बीहरू एकअर्कासँग मिलेर बस्दै आएको इतिहास साक्षी छ । सबै धर्मावलम्बीहरू नेपाललाई उतिकै माया गर्दै आएका छन् । एउटा धर्मावलम्बनीहरूको पर्वतिहारमा अन्य धर्मावलम्बीहरू समेत एक–आपसमा मिलेर सहयोग गरेका हुन्छन् । यो एउटा अनुपमा विशेषता रहेको हेर्न पाइन्छ । तर कतिपय कट्टर समूहहरू यसलाई एक आपसमा कसरी लडउन सकिन्छ त्यतातिर जाल बुनेका हुन्छन् । अहिले देश विदेशसम्म यस्ता अनेकौं समूहहरू सक्रिय छन् जो धर्मपरिवर्तन गराउन तल्लीन छन् । यसबाट एउटा शान्त देशमा धार्मिक झगडा मचाउन उद्दत छन् । परम्परादेखि मनाउँदै आएका धर्मलाई सम्मान गर्दै अगाडि बढ्दा कसैलाई मर्का पर्दैन होला । म नै हुँ, मेरै धर्म सबैभन्दा ठूलो, हाम्रो संख्या बढी छ आदि कुरालाई अगाडि बढाएर अहम् गर्दा द्वन्द्व हुने सम्भावना बढ्न जान्छ । आफ्ना धर्म जतिकै सम्मान अन्य धर्मलाई पनि दिनु पर्छ । धार्मिक सहिष्णुता भनेको यही हो । धर्म संस्कृति सबैको पहिचान भएकोले धर्म संस्कृति बिना मान्छेको चिनारी नै भोलि मेट्न जानेछ ।

नेपालमा धर्मनिरपेक्षताको इतिहासतिर लाग्दा २००७ सालको जनआन्दोलनमा समेत यस शब्दको प्रयोग गरेर आन्दोलनमा सरिक पार्टीहरूलाई आश्वस्त गराउन चाहन्थे कि हामी अब उप्रान्त कुनै एउटै धर्मको वैधानिक मान्यता दिने छैनौं । नेपाली काँग्रेसका सभापति विश्वेश्वरप्रसाद कोइराला धर्मनिरपेक्षतावादी थिए । उनका तमाम लेखरचना, अन्तर्वार्ता र जीवन व्यवहारले यसको पुष्टि गर्छन । नेपाली काँग्रेसका संस्थापक नेताको साथसाथै लोकतन्त्र र समाजवादका सिद्धान्तकार एवं प्रयोगकर्ता समेत हुनुहुन्थ्यो । उँहीकै नेतृत्वमा २००७ सालको क्रान्तिले नयाँ सोच र संस्कृति मिल्याएको हो । उनको सोच धार्मिक आस्था निरपेक्ष थियो । यस कुरालाई उहाँले आफ्नो डायरी, जेल जर्नल, साहित्यिक रचना, भाषण, अन्तर्वार्ताहरूमा सबैतिर प्रकट गर्नु भएको छ ।



नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठमा पनि यस्ता सोच त रहेकै थियो किनभने कम्युनिष्टहरूले कुनै धर्मलाई प्राथमिकता दिनु त कता हो कता, उनीहरूका सिद्धान्त नै धर्मविरोधी हुँदो रहेछ । कम्युनिष्टका लागि धर्म त अफिमको नसा जस्तो कुराको उल्लेख गरेको छ । धर्मलाई एउटा नसा जस्तो मानेको छ । यसरी २००७ सालको आन्दोलनमा धर्मनिरपेक्षता शब्द मुख्य रूपले ठाउँ पाएको थियो । नेपालको अन्तरिम शासन विधान २००७ ले पनि पुष्टि गरेको छ । २००७ सालमा निर्मित विधान १०४ वर्षे राणा शासन समाप्त भएपछिको पहिलो र मुलुकको दोस्रो संविधान हो । यस संविधानमा पनि धर्म बारे प्रष्ट रूपमा कुनै कुरा उल्लेख रहेको देखिँदैन । राजालाई मुख्य अधिकार दिएको देखिन्छ । यसमा राजाप्रति मन्त्रीमण्डल उत्तरदायी हुने कुरा प्रष्ट रूपमा उल्लेख छ ।

यसपछि नेपाल अधिराज्यको संविधान २०१५ मासमेत धर्मसंस्कृतिबारे प्रष्ट रूपमा उल्लेख रहेको देखिँदैन । यस संविधानमा पनि राजाको स्थान प्रमुख रहेको देखिन्छ । कार्यपालिका व्यवस्थापिका र न्यायपालिकामा श्री ५ को भूमिकालाई स्वीकार भने वाक्यांश प्रष्ट रूपमा हेर्न पाइन्छ । यसमा बरू नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता समेत दिएको देखिन्छ ।

जहाँसम्म २०१९ को संविधानको कुरो छ, यसले २००७ मा जनक्रान्तिद्वारा आएको बहुदलीय व्यवस्थालाई खत्म गरी निर्दलीय पञ्चायत व्यवस्था लागू ग¥यो । यस संविधानको विशेषतामा सार्वभौमसत्ता सम्पन्न हिन्दू संवैधानिक राजतन्त्रात्मक राज्यको चिनारी दिइएको कुरा प्रष्ट पारेको छ । यसरी हिन्दू धर्मको विषयलाई प्रमुखतासाथ अगाडि बढाएको देखिन्छ । यसमा राजा र हिन्दू धर्मलाई अभिमाज्य अंगको रूपमा लिएको पाइन्छ । एक अर्काका पूरक रहेको कुरालाई संविधानतः उल्लेख गरेको छ ।

यसपछि नेपालको अन्तरिम संविधान–२०६३ मा धर्मबारे कुनै खासै उल्लेख रहेको पाइँदैन । यो संविधान आन्दोलनको उपलब्धि हो भने सबैले स्वीकार गरेका छन् । यस संविधानले आफ्नो विशेषतामा धर्मनिरपेक्षताको शब्द राखी सबै धर्मलाई समानभावले आफ्ना आफ्ना धर्म संस्कृतिलाई मात्र अधिकार प्रदान गरेको छ । यस संविधान अनुसार नेपालमा रहेका धर्महरू आ–आफ्ना विधिविधान अनुसार मनाउन स्वतन्त्र छन् । अब अन्तमा नेपालको संविधान २०७२ लाई हेर्दा यसले धर्म निरपेक्ष शब्दको कुरा उठाएपनि स्पष्टीकरणमा धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ । यसबाट हिन्दूधर्मलाई केही स्थान दिन खोजे पनि प्रष्ट रूपमा उल्लेख रहेको देखिँदैन । संविधान निर्माण गर्ने बेलामा धर्मनिरपेक्ष शब्दमाथि बढी जोर दिएको कुरालाई स्वीकार गर्दै हिन्दू धर्मको रक्षा गर्न मात्र खोजेको देखिन्छ ।

अब नेपालमा धर्म निरपेक्ष शब्दलाई आ–आफ्ना हिसाबले अथ्र्याउन मिल्दैन । हिन्दूधर्मको बारेमा जे जस्तो कुरा लेखिएको भए पनि हिन्दूधर्म माथि अहिले नेपालमा अन्य धर्मावलम्बीहरू गलत दृष्टिले हेरि रहेका कुरा प्रष्ट देखिन्छ । पैसाको बलमा केही पश्चिमाहरू नेपालको पहाड, हिमाल र तराईमा हिन्दू धर्म परिवर्तन गराएर क्रिmश्चियन धर्ममा प्रवेश गराउँदै आएका छन् । हिन्दू मुस्लिमहरूका बीचमा पनि ठाउँ ठाउँमा विवाद सिर्जना भएको देखिन्छ । कहि मूर्ति सेलाउन (भसाउन) लग्दा बाटोको झगडा, त कही घाटको विवाद, त कहीं नदी विवाद अस्ता अनेकौं समस्याहरू सिर्जित भएको देखिन्छ । कतै कतैत देवीदेवताका प्रतिभा फुटाइ दिने, तोडफोड गरि दिने, मन्दिरको मूर्ति चोरी गराइ दिने जस्ता घटनाहरू पनि देखिँदै छन् । यस्ता कुरामा कसले कुन धर्मावलम्बीहरूले यस्ता कुरालाई बढावा दिइरहेछ त्यस कुरालाई समयमा नै पत्ता लगाइ निराकरणतिर लग्नु पर्छ, होइन भने भोलि जस्तो पनि रूप लिन बेर लाग्देन ।

धर्म भनेर जसरी पूजा, आराधना, ईश्वर भक्तिका कुरा छन्, हिन्दूदर्शन र मान्यता त्यसभन्दा धेरै विस्तारित छ । यसमा सत्य, अहिंसा, न्याय, नैतिकता, निष्ठा, सम्पूर्ण चराचर जगत प्रति प्रेम, मैत्रीभाव र आचरणलाई समेटिएको छ । हिन्दूधर्म त बाच्ने बाटो, बताउँछ । सत्य असत्यको वर्गीकरण गरेर सत्यको पक्षमा बोल्न र पालन गर्न पो सिकाउँछ । अहिले बर्खर नेपालमा पनि गाईढाल्ने कुरा पनि सुन्न आएको छ । हिन्दूधर्मको आस्थाको केन्द्र गाई जस्ता प्राणीलाई हत्या गर्नु हिन्दूधर्ममाथि सोझो प्रहार हो भन्न सकिन्छ । अन्य धर्मावलम्बीहरूले पनि यसबारे गहिरो रूपले चिन्तनमनन गरिदिनु पर्छ । यदि त्यस्तो गरिएन भने धर्मधर्म बीचको अमन चैनमा खलल पर्न बेर लाग्दैन । सबैको आफ्नो धर्म प्यारो हुन्छ । आफ्नो धर्मलाई मान्दा अन्य धर्मप्रति कुनै किसिमको आघात हुनुहुदैन ।

नेपालका अधिकांश बहुदलबादी नेताहरू धर्मबारे व्याख्या गर्दा भौतिकबादको कसौटीमा राखेर विवेचना गरेका छन् । बाम पन्थीहरू त सिद्धान्ततः नास्तिक हुन्छन् नै । तर यहाँ काँग्रेसका अगुवा नेताहरूसमेत धर्मबारे खुलेर बोल्न सकेका छैनन् । ठीक उनीहरू आफूलाई समाजवादी भन्छन् । वामपन्थीहरू त सिद्धान्ततः नै समाजवादी हुन् । समाजवादमा धर्म, कर्म, संस्कृति आदि माथि समानता हुनु जायज कुरो हो । के चाइना एउटा साम्यवादी देश भए पनि विभिन धर्मावलम्बीहरू बसेकै छन् । नेपाल भोलि समाजबादै भयो भने के धर्म कर्म सबै मेटिन्छ त ! यस्तो हुनु कदापि सुहाउँदैन । भारत पनि एउटा धर्मनिरपेक्ष देश हो । समान रूपले आ–आफ्ना धर्मलाई उपभोग गरिरहेका छन् ।

निष्कर्षमा जाँदा नेपाली संविधान २०७२ मा स्पष्टीकरण लेख्दैमा धर्मनिरपेक्ष शब्द हिन्दू– धर्मको पक्षमा वकालत गरेको भने प्रष्ट देखिँदैन । यस कुरालाई राम्ररी प्रष्ट रूपमा व्याख्या हुनु जरुरी छ । यस्ता स्पष्टीकरण शब्दले हिन्दू धर्मप्रति गुमराह उत्पन्न गर्न खोजेको देखिन्छ । यस्ता कुरालाई संसदबाट प्रष्टाउनु आवश्यक छ । यदि यसलाई छोड्यो भने भोलि विवाद निम्ताउने कारण यही शब्द बन्न सक्छ । नेपालमा संवै धर्मालम्बीहरू एक आपसको मेलमिलापमा बसेका छन् । यस देशमा कहिले पनि यस्ता धार्मिक समूहहरूका बीचमा ठूलो तिक्तता देखिएन । अहिले केही ठाउँमा देखिएका यस्ता विषयलाई सरकारले समयमै समाधानको बाटोमा लग्नु नितान्त आवश्यक छ । इतिश्री ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभ्फा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ । नराम्रो काम तिर भने मन जाने देखिन्न ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ । मन डराउने छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ । काम गर्दा विचार पुराउनु होला ।

आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ । शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ ।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाधा आउनेछ । केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्येस्तो नराम्रो देखिन्न ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ ।

शरीरमा केहि त्येस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला ।

# संसद् अवरोधले जनताको दुःख राख्न पाइनँ, घटना बासी भइसक्योः सांसद



**काठमाडौँ ।**
'गत साउन १२ गतेदेखिको अबिरल वर्षापछि आएको बाढी र पहिराले हुम्लामा ठूलो धनजनको क्षति भयो, म त्यहाँको जनप्रतिनिधि, प्रमुख प्रतिपक्षीबाट लगातार संसद् अवरुद्ध हुँदा मैले जनताको दुःख सदनमा राख्न पाइनँ, सधैँ संसद् अवरोध भएपछि त्यो घटना नै बासी भइसक्यो', सदनमा जनताको पीरमर्का राख्न नपाएको गुनासो गर्दै हुम्लाबाट प्रतिनिधित्व गर्ने सङ्घीय सांसद छिरिङ डम्डुल लामा (भोटे)ले भने । वर्तमान संसद् गठन भएको करिब नौ महिना पुगेको छ । तर संसद् बैठक नियमित कार्यसूचीमा प्रवेश गर्न सकिरहेको छैन । प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले विभिन्न विषयलाई लिएर संसद् बैठक अवरुद्ध गर्दै आएको छ ।

जनप्रतिनिधिमूलक थलो संसद्मा पटक–पटक अवरोध हुँदा जनताका समस्या तथा गुनासोले उचित स्थान पाउन सकेको छैन । रासससँगको कुराकानीमा सांसद लामाले भने, 'जनप्रतिनिधिको नाताले केही कुरा राख्न खोजेको थिएँ, तर संसद्मा अवरोध भएका कारणले राख्न पाइनँ । बाढीले स्थानीय नागरिक, सडक, खेतबारी, पुलपुलेसा, घट्ट बगाएको छ । मैले ती विषय सदनमा राख्न पाएको छैन । हामीभन्दा धेरै पहिलेदेखि नै संसदीय व्यवस्थामा पोख्त भएको प्रमुख प्रतिपक्षी दलले बुझ्नुपर्ने हो । राष्ट्रको दुःख, पीरमर्का र जनताले भोगेको समस्या समाधानमा सदनमार्फत सरकारलाई खबरदारी गर्नुपर्नेमा संसद् अवरोध गरेर बाधा सिर्जना गर्नु राम्रो विषय होइन ।'
जनप्रतिनिधिमूलक थलो संसद् कोही–कसैको पनि बन्धक हुन नहुनेमा जोड दिँदै उनले बारम्बार संसद् अवरुद्ध हुनु राम्रो विषय नभएको बताए । 'दुःखका साथ भन्नुपर्छ, यो प्रवृत्ति नेपाल र नेपाली जनताको पक्षमा छैन । यसले राम्रो सन्देश दिएको छैन', उनले भने । जनताले निर्वाचित गरेर पठाएपछि जुनसुकै पार्टीको भए पनि सदनमा उठेका विषयलाई गम्भीरताका साथ लिनुपर्छ भन्दै सांसद लामाले संसद्लाई निरन्तर सञ्चालन गर्न सबैले सहयोग गर्नुपर्ने बताए ।
'सदनलाई आफ्नो कामकारबाहीमा केन्द्रित हुने वातावरण बनाउनुपर्ने थियो ।
तर अहिलेको सन्दर्भमा प्रतिपक्ष दलले महिनौँसम्म संसद् अवरुद्ध गरिरहेको छ । यसले गर्दा जनतामा नराम्रो छाप परेको छ', उनले भने, 'प्रतिपक्षको अवरोधले संसदीय प्रक्रियामा सक्रिय सहभागिता जनाउन खोज्ने अन्य सांसदको उत्साह र उमङ्गलाई निस्तेज पारेको छ ।' उनी नेकपा (माओवादी केन्द्र)का तर्फबाट प्रतिनिधिसभामा हुम्लाबाट प्रत्यक्ष निर्वाचित भएका हुन् । विसं २०४५ देखि राजनीतिमा सक्रिय लामा चौथो महाधिवेश (चौम), पातलो मसाल, मोटो मशाल हुँदै संयुक्त जनमोर्चमा आबद्ध भए । उनी संयुक्त जनमोर्चा नेपालका तर्फबाट हुम्लाको तत्कालीन बर्गौ गाविसको निर्विरोध उपाध्यक्ष निर्वाचित भएका थिए । तत्कालीन नेकपा (माओवादी)ले सशस्त्र जनयुद्धको घोषणा गरेपछि उनी हुम्लाबाट पहिलो भूमिगत कार्यकर्ता बने । माओवादीको भेरी–कर्णाली क्षेत्रीय ब्यूरो सदस्य, कर्णाली मुक्ति मोर्चाको सदस्य, तत्कालनी माओवादी जनमुक्ति सेनाको पश्चिम सैन्य डिभिजन ब्यूरो सदस्य, भेरी–कर्णाली स्वायत्त राज्य सदस्य, हेटौँडा महाधिवेशनबाट माओवादीको केन्द्रीय सदस्य, पोलिटब्यूरो सदस्य, कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातारणमन्त्री बने । सांसद लामा हाल माओवादी केन्द्रको केन्द्रीय सल्लाहकार सदस्य छन् ।
जनताबाट निर्वाचित भएर आएपछि सांसद्को मुख्य भूमिका कानुन निर्माणमा नै केन्द्रित हुनुपर्नेमा त्यसो हुन नसकेको उनको स्वीकारोक्ति छ । जनताले सङ्घर्ष गरेर ल्याएको व्यवस्थालाई बलियो बनाउन आवश्यक नीति, नियम, ऐन, कानुन बनाउन सांसद लाग्नुपर्ने उनको भनाइ छ । 'विकासभन्दा पनि व्यवस्थालाई दिगो, भरपर्दो र विश्वासिलो बनाउन ध्यान दिनुपर्छ', सांसद लामाले भने । विधायकले कानुन निर्माणमा आफूलाई उभ्याउनुपर्नेमा यसअघिका सांसदले जनतामा विकास लैजाने विषयलाई बढी प्राथमिकता दिएको र जनता पनि त्यसमा अभ्यस्त भइसकेको हुँदा अहिले आफूहरूलाई पनि दबाब परेको उनको भनाइ छ । 'विगतका सांसदले ऐन, कानुन निर्माण गर्नुभन्दा पनि विकासमा बढी होमिएको देखाएपछि अहिलेका सांसदलाई दबाब बढेको छ । अघिल्ला माननीयले यस्तो गर्ने, तपाईँहरूले के ल्यायो ?', जनताको प्रश्न सुनाउँदै उनले भने, 'तपाईँहरूले के कोसेली ल्यायो, रित्तो हात ल्यायो कि भरि हात ल्यायो ? यस्तो प्रश्नको सामना गरिरहनुपरेको छ ।' निर्वाचनबाट एउटै पार्टीको बहुमत नआउँदा सोचेजस्तो कानुन निर्माण गर्न नसकिएको उल्लेख गर्दै उनले पछिल्ला दिनमा सरकारले महत्त्वपूर्ण विधेयक सदनमा पेस गरेको र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' स्वदेश फर्केपछि त्यसले गति लिने विश्वास व्यक्त गरे । 'हामीलाई अहिले असाध्यै गाह्रो छ । जनताले विकासले अपेक्षा गरेको छ । तर सङ्घीय सांसदको भूमिकामा हामीले ऐन, नियम र कानुन निर्माणमा जुट्नुपरेको छ । एउटा पार्टीको मात्रै बहुमत आएको भए सरकारलाई अगाडि बढाउन र पार्टीको नीतिअनुसारको कानुन बनाउन सकिन्थ्यो', उनले भने, 'कुनै पनि पार्टीको स्पष्ट बहुमत नआउँदा सोचेजस्तो कानुन बनाउन नसक्नु स्वभाविक हो । प्रधानमन्त्री अमेरिका भ्रमण सकेर चीनमा हुनुहुन्छ । उहाँ स्वदेश फर्केपछि कानुन निर्माणको प्रक्रियाले गति लिन्छ ।'
कानुन निर्माण गर्न सांसद्को भूमिका अत्यन्त महत्त्वपूर्ण हुने जनाउँदै सांसद लामाले संसद् बैठकमा नियमित उपस्थित भएर सांसदले विधेयकमाथिको छलफलमा सक्रियतापूर्वक भाग लिनुपर्ने बताए । उनले राष्ट्रिय महत्वका विषयमा सदनमा आवाज उठाउनुपर्नेमा जोड दिँदै संसद्लाई प्रभावकारी बनाउन सबै सांसद एकताबद्ध भएर लाग्नुपर्ने बताए ।




# चिकित्सकको सुरक्षाको जिम्मा सरकारले लिन्छः मन्त्री



**रासस**
**चितवन ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले चिकित्सकहरूको सुरक्षाको जिम्मा सरकारले लिने बताएका छन् । बुधबार पत्रकारहरूसँग कुरा गर्दै उनले चिकित्सकमाथि भएको घटना निन्दनीय रहेको बताए । उनले भने, 'दिन प्रतिदिन दुःखद् घटना भएका छन् । यो खेदजनक छ । यसका बारेमा पटक–पटक उपप्रधानमन्त्री तथा गृहमन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीबीच छलफल भइरहेको छ ।' गृहमन्त्रालयले शान्ति सुरक्षाको प्रत्याभूति गराउने विषयमा छलफल भइसकेको भन्दै उनले चिकित्सकहरूलाई काममा फर्कन अनुरोधसमेत गरे । उनले थपे, 'हाम्रो ऐनमा उल्लेख भएका स्वास्थ्यसम्बन्धी सुरक्षाका विषयलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने र आगामी दिनमा यस्ता घटना नहुन् भनेर सबै सक्रिय रहने विषयमा छलफल भयो ।' शान्ति सुरक्षा गृह मन्त्रालयले दिने गरी छलफल भएको उनको भनाइ थियो । मन्त्री बस्नेतले चिकित्सा शिक्षा ऐन लागू भएसँगै बन्द भएका शैक्षिक संस्थाहरू छ महिनाभित्र सञ्चालनमा ल्याइने बताए । यस ऐनले गर्दा दुर्गममा अस्पताल खोल्ने, चिकित्सक पुऱ्याउने राम्रो देखिएको भए पनि दक्ष जनशक्ति उत्पादनमा भने समस्या देखिएको उनले बताए । मन्त्री बस्नेतले भने, 'यही अवस्था रहे पाँच वर्षमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मी नभेटिने अवस्था आउन सक्छ ।' यसका लागि चिकित्सा शिक्षा ऐन संशोधन गरेर बन्द भएका संस्था सञ्चालनको तयारीमा सरकार रहेको उनको भनाइ थियो । शिक्षामा गुणस्तरीयता कायम गर्दै शुल्क निर्धारण पनि सरकारले गर्ने मापदण्ड बनाएर बन्द भएका संस्था सञ्चालनमा ल्याइने उनले बताए । फरक प्रसङ्गमा मन्त्री बस्नेतले स्वास्थ्य बीमा बोर्डका कारण केही अस्पतालमा बिरामीको चाप बढ्ने र केही बन्द हुने अवस्थामा पुगेको धारणा राखे ।
यसलाई नियमन गर्नका लागि मन्त्रालय लागिपरेको उनको भनाइ छ । पक्षपातपूर्ण तरिकाले काम भएको भन्ने गुनासो बढेपछि आफैँले यसलाई हेरिरहेको उनको भनाइ थियो । यसलाई चाँडै नै सहज बनाएर अघि बढ्ने उनले बताए ।
'आँखा उपचारमा सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण' स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले सामुदायिक क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताएका छन् । नेपाल नेत्रज्योति सङ्घ चितवनले बुधबार भरतपुर आँखा अस्पतालमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले सरकारले आँखा उपचारमा पर्याप्त काम गर्न नसकेको बताएका हुन् । मन्त्री बस्नेतले राजधानी बाहिर आँखाको उपचारमा देशले हेर्नलायक र बिरामीले सुविधा पाउने खालको अस्पताल भरतपुरमा स्थापना गरेको भन्दै यसलाई अझै विस्तार गर्न आग्रह गरे । उनले भने, '७७ जिल्लामा आँखाको क्षेत्रमा राजधानी बाहिरको देशले हेर्नलायक, बिरामीले सुविधा पाउने खालको अस्पतालका रूपमा यो अस्पताल स्थापित गर्नुभएको छ ।' उनले थपे, 'आफ्नै मेहनत र परिश्रमले भएको यो प्रगतिमा सरकारको ध्यान जान्छ ।' आँखा उपचार सेवालाई विस्तार गर्न आग्रह गर्दै उनले सरकारको तर्फबाट प्रक्रियागतरूपमा सहयोग गर्न आफू तयार रहेको बताए । अस्पतालको आफ्नै नाममा जग्गा नहुँदा समस्या भएको भन्ने गुनासोप्रति सम्बोधन गर्दै उनले मन्त्रिपरिषद्बाट निर्णय भइसकेको र लालपुर्जा धनीका तर्फबाट कुनै अवरोध नभएकाले यो समस्याको समाधान हुनेमा ढुक्क रहन आग्रह गरे । उनले भने, 'लालपुर्जाको विषय मन्त्रालयमा छलफल चलाउँछु, प्रधानमन्त्रीसमक्ष पनि राख्छु ।' सङ्घका केन्द्रीय सदस्य चिजकुमार मास्के, जिल्ला सभापति जयराम श्रेष्ठ, सचिव केशव अधिकारी र अस्पताल प्रशासक दयाशङ्कर चौधरीले अस्पतालका गतिविधि र समस्याका बारेमा जानकारी गराएक थिए ।

# बागमती प्रदेशका गर्भवती र सुत्केरीलाई हवाई उद्धार सेवा




**रासस**
**चितवन ।**
बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गर्ने भएको छ । मन्त्रालयले निर्देशिका बनाएर यो विषय कार्यान्वयनको चरणमा ल्याएको हो । मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका प्रमुख डा खगेश्वर गेलालका अनुसार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यसबारे मन्त्रालयले निर्देशिका बनाएर मन्त्रिपरिषद्बाट पारित गरी प्रदेश राजपत्रमा प्रकाशित गरिसकिएको र केही दिनमै प्रदेश निर्देशनालयमा कार्यान्वयनका लागि पठाइने र निर्देशनालयले १३ वटा जिल्ला स्वास्थ्य कार्यालयमा पत्राचार गर्ने छ । यससँगै हेलिकप्टर कम्पनीसँग सम्झौता गरेर काम अघि बढाइने उनले जानकारी दिए । मन्त्रालयले प्रदेशभित्रका १३ वटा प्रदेश अस्पताल, भरतपुर अस्पताल, त्रिवि शिक्षण अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र धुलिखेल अस्पतालमा पुऱ्याइएर उद्धार गरिएका गर्भवती र सुत्केरीको उपचारको व्यवस्था पनि गरेको छ । स्वास्थ्यमन्त्री उत्तम जोशी नियुक्त हुँदा पहिलो निर्णय जोखिममा रहेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिने कुरा उल्लेख गरेका थिए । सोही विषय कार्यान्वयन गर्न निर्देशिका बनाएर काम अघि बढाइएको हो । उनले भने, 'प्रदेशभित्रका विकट ठाउँका महिलाले भोग्नुपरेको समस्या सम्बोधन गर्न यो निर्णय गरेको हुँ ।' उपचारको अभावमा गर्भवती र सुत्केरीले अकालमा ज्यान गुमाउनु परेको भन्दै उनले अबका दिनमा त्यो समस्या नआओस् भन्नका लागि बजेट विनियोजन गरी काम अघि बढाइएको बताए । मन्त्री जोशीले थपे, 'देशकै स्वास्थ्यका क्षेत्रमा अब्बल जिल्ला यो प्रदेशमा पर्छ । त्यति मात्रै होइन, निकै विकट ठाउँ पनि यही प्रदेशमा छन् ।' कतिपय महिलाले बच्चा जन्माउँदा उपचार नपाएर ज्यान गुमाउनु परेको र कतिपयले बच्चा जन्मिएपछि उपचार नपाएर पनि मृत्यु भएको अवस्था रहेको भन्दै उनले बताए ।

# सुदूरपश्चिममा डेङ्गुः आठ महिनामा तीनजनाको मृत्यु, आठ सय बढी सङ्क्रमित

**रासस**
**कञ्चनपुर ।**
बितेको आठ महिनामा सुदूरपश्चिममा आठ सय ७७ जनालाई डेङ्गुको सङ्क्रमण देखिएको छ । सुदूरपश्चिममा सबैभन्दा बढी सङ्क्रमण कैलाली, कञ्चनपुर र पहाडी जिल्ला दार्चुलामा देखिएको छ । सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत हेमराज जोशीले डेङ्गु सङ्क्रमणबाट कञ्चनपुरमा दुई र दार्चुलामा एक गरी तीन जनाको मृत्यु भएको जानकारी दिए ।
'तथ्याङ्कानुसार यहाँ गत माघ महिनायता आठ सय ७७ जनामा सङ्क्रमण देखिसकेको छ', उनले भने, 'तर पछिल्लो समय सङ्क्रमण नियन्त्रण हुँदै आएको छ ।' यहाँ सुदूरपश्चिम प्रदेश सरकारले सङ्क्रमित बिरामीको व्यवस्थापनमा सहजीकरण गर्ने, जिल्लामा रहेको स्वास्थ्य कार्यालयले सचेतना र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने र स्थानीय




पालिकाले लामखुट्टेको लार्भा नष्ट अभियान सञ्चालन गरिरहेको जानकारी दिए । यहाँ गत माघदेखि हालसम्म कैलालीमा तीन सय ७६, दार्चुलामा एक सय ९६, कञ्चनपुरमा एक सय ५९, अछाममा ५२, बाजुरामा ३२, डोटीमा १९, बझाङमा १३ र बैतडीमा नौ जनामा सङ्क्रमण देखिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ । गर्मी हुने क्षेत्रमा देखिँदै आएको डेङ्गुको सङ्क्रमण यसपटक सुदूरपश्चिमका पहाडी जिल्लामा समेत देखिएको छ । सङ्क्रमितमा ज्वरो आउने, आँखा दुख्ने, हातखुट्टा र ढाड दुख्नेलगायतका लक्षण देखिने गरेको छ । त्यसैगरी स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत दयाकृष्ण पन्तले डेङ्गु रोकथाम र सचेतना अभियान नौवटै पालिकामा सञ्चालनमा रहेको बताए । 'कञ्चनपुरमा सङ्क्रमितमध्ये ८५ प्रतिशत भीमदत्त नगरपालिकामा प्रभावित छन्', उनले भने, 'भीमदत्तका १९ वटै वडामा रोकथामका लागि सक्रियता बढेको छ ।' उहाँले वडा–वडामा माइकिङ गर्ने, जोगिने उपायबारे नागरिकलाई जानकारी गराउनेलगायतका काम चलिरहेको बताए । 'स्थानीय तहसित मिलेर लार्भा खोजेर नष्ट अभियान पनि सबै पालिकामा सञ्चालन गरेका थियौँ', उनले भने, 'पानी पर्ने क्रम चलिरहेकाले अझै यसको जोखिम कायम छ ।' उनले यसको रोकथामका लागि जिल्ला प्रशासन कार्यालयबाट पनि नौवटै पालिकालाई पत्राचार भएको जानकारी दिए ।

# आँबुखैरेनीमा रासायनिक मल कारखाना खोल्न सम्भाव्यता अध्ययनका लागि मलेसियन कम्पनीसँग सम्झौता




**रासस**
**काठमाडौँ ।**
नेपालमा रासायनिक मल कारखाना खोल्ने सम्बन्धमा विस्तृत सम्भाव्यता अध्ययनका लागि लगानी बोर्ड नेपाल र रि–निकोला प्राइभेट लिमिटेड कम्पनीबीच सम्झौता भएको छ । लगानी बोर्डको कार्यालयमा बुधबार एक कार्यक्रमका बीच सम्पन्न सम्झौतामा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र रि–निकोलाका प्रबन्ध निर्देशक बोमहिदि अब्देलालीले हस्ताक्षर गरे । रि–निकोला मलेसियाको कम्पनी हो । लगानीको बोर्डको कार्यालयले प्रेस विज्ञप्ति जारी गर्दै ग्रीन एमोनिया र क्याल्सियम एमोनियम नाइट्राइट मल उत्पादन गर्ने कारखाना खोल्नका लागि सम्भाव्यता अध्ययन गर्ने सहमति भएको जनाएको हो । सम्झौताअनुसार रि–निकोलाले अनुमतिपत्र प्राप्त गरेको २४ महिनाभित्र विस्तृत सम्भाव्यता अध्ययन लगानी बोर्डको कार्यालयसमक्ष पेश गर्नुपर्नेछ । तनहुँ जिल्लाको आँबुखैरेनीमा स्थापना हुने प्रस्ताव गरिएको यस परियोजनाले इलेक्ट्रोलाइसिस प्रविधिको प्रयोग गरी ग्रीन एमोनिया र क्याल्सियम एमोनियम नाइट्राइट मल तयार पार्ने गरी सम्भाव्यता अध्ययन गर्न लागिएको छ । करिब २६ करोड अमेरिकी डलर अनुमानित लागत रहेको यस प्रस्तावित परियोजनाबाट वार्षिक ९५ हजार छ सय मेट्रिक टन ग्रीन एमोनिया र दुई लाख ८६ हजार नौ सय ७५ मेट्रिक टन क्याल्सियम एमोनियम नाइट्राइट मल उत्पादन हुने प्रस्ताव गरिएको छ । सार्वजनिक–निजी साझेदारी ऐन तथा नियमावलीको व्यवस्थाअनुसार रि–निकोलाले ऊर्जाको रुपमा विद्युत् शक्तिको उपयोग गरी वातावरणमैत्री प्रविधिमा आधारित भई मल उत्पादन गर्नको लागि २०७९ पुस २४ गते लगानी बोर्डमा प्रस्ताव पेश गरेको थियो । प्रस्तावका आधारमा लगानी बोर्डको २०७९ चैत ३० गते बसेको ५३औँ बैठकले अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको थियो भने रि–निकोलासँग हुने समझदारीपत्रको मस्यौदा गत भदौ ८ गते बसेको लगानी बोर्डको ५५औँ बैठकबाट स्वीकृत भएको थियो ।

# वैवाहिक समारोहस्थलमा आगो सल्किदा सय जनाको मृत्यु



**एएफपी**
**कराकोश ।**
उत्तरी इराकी सहर काराकोशमा एउटा विवाह समारोह भइरहेको स्थानमा आगलागी हुँदा कम्तीमा एक सय जनाको मृत्यु हुनाका साथै एक सय ५० भन्दाबढी घाइते भएका छन् । मोसुलको पूर्वमा रहेको इशाई धर्मावलम्बीको बाहुलता रहेको शहरको मुख्य अस्पतालमा एएफपीका फोटोग्राफरले एम्बुलेन्सले जलेका मानिस ल्याएको देखेका तथा उनीहरूलाई रक्तदान गर्न अस्पतालको आँगनमा कैयौँ मानिस भेला भएका बताएका छन् ।
अत्यधिक ज्वलनशील पदार्थले सखाप पार्ने कम गुणस्तरको निर्माण सामग्रीले बनेको विवाह समारोह आयोजना गरिएको हलको छत नै खस्दा यति धेरै मानिसले ज्यान गुमाएका अधिकारीले बताएका छन् । इराकको आधिकारिक समाचार समितिले निनेवेह प्रान्तका स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै हमदानियाहमा विवाह समारोह भइरहेको एउटा हलमा भएको आगलागीमा एक सय जनाको मृत्यु तथा एक सय ५० भन्दाबढी घाइते भएका जनाएको छ । इराकी स्वास्थ्य मन्त्रालयका प्रवक्ता सैफ अल–बद्रले पनि मृतकको उक्त सङ्ख्या एएफपीलाई पुष्टि गरेका छन् ।
अस्पताल भर्ना भएका अधिकांश बिरामी जलेका, अक्सिजन अभावका कारण श्वासप्रश्वासमा समस्या भएका तथा केही भने भीडले कुल्चिँदा घाइते भएका छन् । मङ्गलबार साँझ दुर्घटना भएको हो । यद्यपि आगलागी के कारणले भएको हो भन्ने अहिलेसम्म थाहा हुन सकेको छैन । प्रारम्भिक विवरणअनुसार पटाका पड्काउँदा आगलागी भएको बताइएको छ । दुलहा र दुलही पनि आगोको चपेटमा परे वा नपरेको केही जानकारी प्राप्त भएको छैन । दुवै जनाले नाच्न थालेपछि आगो सल्किएको जनाइएको छ ।

# मङ्गोलियाविरुद्ध नेपालको कीर्तिमानी जित



**रासस**
१९औँ एसियाली खेलकुद, २०२२ अन्तर्गत पुरुष क्रिकेट प्रतियोगितामा नेपालले पहिलो खेलमा बुधबार मङ्गोलियासित कीर्तिमानी जित निकालेको छ । केहीबेर अघि सम्पन्न खेलमा नेपालले मङ्गोलियालाई दुई सय ७३ रनले पराजित गरेको हो । पुरुष क्रिकेटमा नेपालको यही नै अहिलेसम्मको ठूलो जित हो । झेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजी पिङफेङ क्रिकेट मैदानमा मङ्गोलियाले टस जितेर नेपाललाई ब्याटिङको निम्तो दिएको थियो । नेपालले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर तीन सय १४ रन बनायो । नेपालले दिएको तीन सय १५ रनको लक्ष्य पछ्याएको मङ्गोलिया १३ दशमलव एक ओभरमा ४१ रनमै अलआउट भयो । उसका लागि जम्यासुरेनले १० रन जोड्नुबाहेक अरु ब्याटरले सम्झिनलायक ब्याटिङ गर्न सकेनन् । बलिङतर्फ नेपालका करण केसी, अभिनास बोहरा र सन्दीप लामिछानेले दुई–दुई तथा सोमपाल कामी, कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरीले एक–एक विकेट लिए । यसअघि मङ्गोलियाविरुद्ध ब्याटिङ गर्ने क्रममा कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले कीर्तिमानी ब्याटिङ गरे । कुशल मल्लले ३४ बलमै शतक प्रहार गर्दै अर्को विश्व कीर्तिमान बनाए । यसअघि सर्वाधिक छिटो शतकको कीर्तिमान दक्षिण अफ्रिकाका डेभिड मिलर, चेक रिपब्लिकका सुदेश विक्रमाशेखर र भारतका रोहित शर्मासँग बराबर थियो । उनीहरूले ३५ बलमै शतक बनाएका थिए । दीपेन्द्रसिंह ऐरीले मात्र नौ बलमा अर्धशतक बनाएर अर्को विश्व कीर्तिमान बनाए । यसअघि भारतका युवराज सिंहले १२ बलमा अर्धशतक बनाएका थिए । कुशल मल्लले ५० बलमा अविजित एक सय ३७ रन तथा ऐरीले १० बलमा अविजित ५२ रन बनाए । मल्लले यस क्रममा १२ छक्का र आठ चौका तथा ऐरीले आठ छक्का प्रहार गरे । यस्तै कप्तान रोहितकुमार पौडेलले २७ बलमा ६१, कुशल भुर्तेलले २३ बलमा १९ तथा आसिफ शेखले १७ बलमा १६ रन बनाए । नेपालले समूह चरणको अर्को खेल माल्दिभ्ससित खेल्नेछ ।

# खाद्यवस्तुको मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण



**रासस**
**काठमाडौँ ।**
दशैँलगायतका चाडबाडमा नजिकिँदै गर्दा चिनीलगायत दैनिक उपभोग्य वस्तुमा भइरहेको अस्वभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रणका लागि सांसदहरूले सरकारलाई सजग र सचेत रहन सुझाव दिएका छन् । प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखासमितिको बुधबारको बैठकमा भाग लिने अधिकांश सदस्यहरूले चाडबाडका समयमा कृत्रिम अभाव सिर्जना गरी हुनसक्ने भन्दै त्यस्ता गतिविधमा समयमै ध्यान पु¥याउन समितिमार्फत सरकारको ध्यानाकर्षण गराए । बैठकमा सदस्य गोकुलप्रसाद बाँस्कोटाले चिनी उत्पादन र आयातकर्ता तथा सरकारबाट सहयोग प्राप्त गर्ने एउटै व्यक्ति भएकाले हरेक वर्ष चाडबाडका समयमा अभाव सिर्जना हुँदै आएको जिकिर गर्दै दैनिक उपभोग्य वस्तु सहज र सुलभ मूल्यमा प्राप्त गर्ने जनताको अधिकारलाई सुनिश्चित गर्न जोड दिए । सदस्य राजेन्द्रप्रसाद लिङ्देनले दैनिक उपभोग्यवस्तुमा भइरहेको कालोबजारी र महँगीले उपभोक्ता मारमा परेको भन्दै त्यसतर्फ सरकारको बेलैमा ध्यान जाओस् भनी अपिल गरे । सांसदद्वय अच्युत मैनाली र देवप्रसाद तिमिल्सिनाले आवश्यकता भन्दा लाभको दृष्टिकोणबाट मल आयात भएकाले वास्तविक किसानले नभइ अरुले नै फाइदा लिइरहेको बताए । समिति सदस्य अर्जुननरसिंह केसीले दशैंको मुखमा कालोबजार मौलाएका अत्यावश्यक खाद्य सामग्रीलगायतमा मूल्यवृद्धि भइ आम जनता त्यसको मारमा परेको भन्दै त्यसतर्फ आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराए । सांसद रामकृष्ण यादवले आर्थिक संकट र महङ्गीले अप्ठेरामा परेका जनतालाई अप्ठेरोमा पार्ने हिसावले केही सीमित व्यापारीले कार्टेलिङ गरी छोटो समयमा धेरै धन कमाउने उद्देश्यले गलत क्रियाकलापतर्फ लागेको भन्दै कारबाहीको माग गरे । समिति सदस्य तारा लामाले चाडबाडका समयमा अत्यावश्यक खाद्य सामग्री चामल र दालबाहेक चिनीको प्रयोग र खपत कम गर्न जनतालाई आह्वान गर्न आवश्यक रहेको धारणा राखे । सांसद लेखनाथ दाहालले समितिको प्रभावकारिता बढाउन छलफल र निर्णय गर्ने एजेन्डा प्राथमिकीकरण गर्न, विगतका उजुरी र निर्णय कार्यान्वयनको अवस्था बुझ्न तथा निर्णयलाई अलपत्र पार्ने निर्णय नगर्न सभापतिमार्फत बैठकलाई अनुरोध गरे । समिति सदस्य योगेश भट्टराईले सरकार गठनका समयमा दलहरूबीच राष्ट्रको ढुकुटीको अवस्थालाई विश्लेषण गर्दै नयाँ सवारी साधन नकिन्ने र अत्यावश्यक बाहेक विदेश भ्रमण नगर्ने भनेपनि त्यसको ठाडो उल्लंघन भएको भनी आलोचना गरे । समिति सदस्य श्यामकुमार घिमिरेले अधिकाश सार्वजनिक संस्थानको आर्थिक अवस्था कमजोर रहेकाले अनुदान दिएर कतिन्जेल धान्ने भनी प्रश्न गर्दै बढिरहेको महङ्गी र कालोबजारको मारमा उपभोक्ता परेकाले त्यसमा सरकारले अनुगमन समयन्त्रलाई प्रभावकारी तुल्याउन आवश्यक रहेको बताए । सासद मनिष झाले समितिमा हुने छलफल सामाजिक सञ्जालबाट प्रशारण गर्न तथा बाहिरबाट सस्तो मूल्यमा चिनी ल्याएर यहाँको उत्पादनको स्टिकरलगाउने कार्य रोक्न सरकारको ध्यानकर्षण गराए । सभापति ऋषिकेश पोखरेलले समितिले बेरुजु फर्छ्यौटलगायत छलफलका लागि तयार गरेको विषयवस्तुबारे जानकारी गराउँदै त्यसको प्राथमिकीकरणका लागि सुझाव प्रस्तुत गर्न अनुरोध गरे । समिति सदस्य अमनलाल मोदीले समितिले दिने निर्णय कार्यान्वयन र परिपालनाको अवस्था र स्थितिबारे जानकारी माग गर्न आवश्यक रहेको बताए । सांसद सञ्जयकुमार गौतमले ठूलो होइन, ठोस कुरा गर्न तथा नीतिगत भ्रष्टाचार रोक्न सरकारलाई खबरदारी गर्न आवश्यक रहेको बताए ।

# प्रमाण पेश गर्न क्यानडालाई भारतको चुनौती

**एएनआई**
**न्युयोर्क ।**
भारतले शिख पृथकतावादी नेताको हत्यामा भारत संलग्न रहेको प्रमाण पेश गर्न क्यानडालाई चुनौती दिँदै त्यससम्बन्धमा क्यानडासँग जानकारी मागेको छ । साथै नयाँदिल्लीले हरदीपसिंह निज्जर हत्यासम्बन्धमा क्यानडाले उपलब्ध गराउने कुनै पनि विशेष सूचनामा आधारित भएर अनुसन्धान अघि बढाउन भारत तत्पर रहेको स्पष्ट गरेको छ । संयुक्त राष्ट्रसङ्घको ७८ औँ महासभामा सहभागी हुने सिलसिलामा न्युयोर्कमा रहेका भारतका विदेशमन्त्री एस जयशङ्करले मङ्गलबार आयोजित एक कार्यक्रममा निज्जर हत्याको सूचनामा छलफल गर्न भारत खुला रहेको बताए । हाले क्यानडाले निज्जर हत्यामा भारतीको हात रहेको 'विश्वसनीय जानकारी' आफूसँग रहेको र त्यसको अनुसन्धान गरिरहेको बताएपछि ओटावा र नयाँदिल्लीबीचको सम्बन्ध नराम्ररी चिसिएको छ ।


Picture credit: www.indianembassy.org

आपसी सम्बन्धमा यति तिक्ततापूर्ण बनेको छ कि दुई देशले कूटनीतिक कर्मचारीलाई निष्काशन गर्नेदेखि भिसा नदिनेसम्मका निर्णय गरेका छन् ।
भारतले क्यानाडको विश्वसनीय सूचनाको दाबीलाई आधारहीन भन्दै खारेज गरेको छ । भारत सरकारले क्यानडालाई हत्याको बारेमा कुनै पनि सान्दर्भिक आरोपमा छानबिन गर्न खुला रहेको बताएको जानकारी दिँदै विदेशमन्त्री जयशङ्करले त्यसमा दिल्लीको कुनै भूमिका नभएको दोहो¥याए ।
उनले निज्जर हत्यामा भारत संलग्न रहेको प्रमाण पेश गर्न क्यानडालाई चुनौती पनि दिए । हरदीप सिंह निज्जरको गत जुन महिनामा ब्रिटिस कोलम्बियाको एउटा मन्दिर बाहिर गोली हानी हत्या भएको थियो ।
उनलाई सन् २०२० मा भारतले आतङ्कवादी घोषणा गरेको थियो । यद्यपि उनका समर्थकहरूले यसलाई अस्वीकार गर्दै आएका छन् । पश्चिम देशहरूमा पृथकतावादीहरूको खालिस्तान वा छुट्टै शिख मातृभूमिको माग गर्दै विरोधप्रदर्शन गर्नेलगायत भारत विरोधी गतिविधिप्रति भारत सरकारले आपत्ति जनाउँदै आएको छ । सन् अस्सीको दशकमा शिख बहुल पञ्जाब राज्यमा केन्द्रित हिंसात्मक विद्रोहले खालिस्तान आन्दोलनको रुप लिएको हो । यो आन्दोलन भारतमा मत्थर भए पनि क्यानडा, अष्ट्रेलिया र बेलायत जस्ता देशका शिखले बेलाबखत भारत विराधि गतिविधि गर्दै आएका छन् ।

# फ्रान्सेली राजदूतको नाइजरबाट बहिर्गमन

**एएफपी**
**नियामे ।**
नाइजरका लागि फ्रान्सका राजदूत बुधबार बिहान राजधानी नियामे छोडेको फ्रान्सेली कूटनीतिक स्रोत र नाइजेरियाली सरकारी स्रोतले बताएका छन् ।
पश्चिम अफ्रिकी देश नाइजरमा सैनिक विद्रोहपछि सेनाले सत्ता कब्जा गरेसँगै फ्रान्सेली राजदूतलाई देश छाड्न निर्देशन दिइएको थियो ।
यद्यपि उनले निर्देशनको पालना नगरेपछि उनलाई राजदूतावासमा नै बन्दी बनाइएको थियो । नियामेस्थित फ्रान्सेली दूतावासको कूटनीतिक स्रोतका अनुसार राजदूतसहित छ जना सहकर्मी विमान चढेर विमान चाडतर्फ प्रस्थान गरेका छन् ।
नाइजरको गृह मन्त्रालयले पनि फ्रान्सेली राजदूतको बहिर्गमनको पुष्टि गरेको छ । गत



आइतबार फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले नाइजरका राजदूत सिल्भेन इट्टेलाई फिर्ता बोलाइने घोषणा गरेका थिए । गत जुलाई २६मा प्रजातान्त्रिक रुपमा निर्वाचित राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्थ गरी सेनाले सत्ता हत्याएकामा फ्रान्सले त्यसको कडा विरोध गर्दै निर्वाचित सरकारलाई मात्र आफूले मान्यता दिने बताएको थियो ।

# शहिदनगरको टोलस्तरीय बैठकका लागि जिम्मेवारी बाँडफाँड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनतासँग माओवादी विशेष रुपान्तरण अभियान सञ्चालन भएदेखि माओवादी नेताहरु निकै उत्साहीत हुँदै गाउँघरदेखि टोल र पालिकासम्म सक्रिय भएका छन् ।
धनुषाको शहिदनगर नगरपालिकाको एक वडामा विभिन्न निर्णय गर्दै टोलस्तरीय बैठक बसाउनका लागि जिम्मेवारी बाँडफाँड गरेको जनाएको छ । नेकपा ( माओवादी केन्द्र ) शाहिदनगर नगरपालिका वडा नम्बर ९ स्थित बिर्ता टोलमा वडा कमिटीको अध्यक्ष झगरु मुखियाको अध्यक्षतामा बसेको बैठकबाट टोलस्तरीय बैठकका लागि जिम्मेवारी बाँडफाँड गरेको हो । माओवादी केन्दका केन्द्रिय सदस्य चन्देश्वर राउतको प्रमुख आतिथ्यमा बसेको बैठकबाट यही असोज



१३ गते शहिदनगर नगरपालिका स्थित केउटानी टोलमा बैठक सम्पन्न गराउनका लागि नेताहरु राजेश कुमार मण्डल, जितु साफी, संजय मण्डललाई विशेष जिम्मेवारी दिएको नेता उदय बरबरिया यादवले जानकारी दिए ।त्यस्तै असोज २२ गते शहिदनगर नगरपालिका स्थित विर्ताटोलमा बैठक सम्पन्न गराउनका लागि स्थानीय नेताहरु बैदे सदा, राम हृदय सद , चन्दन यादव, रुपेश गोइत, मदन सदा, जगदीश सदा, लक्ष्मण सदा, मुना दासलाई विशेष जिम्मेवारी दिएको छ । भने असोज १८ गते गोठकोयलपुर टोलमा बैठक सम्पन्न गराउनका लागि स्थानीय नेताहरु जीवछ महरा, मेघनाथ मुखिया, रामवृक्ष मुखिया, विनोद गोहिबार, देवशरण गोहिबार, कारीचन सदा, चलितर महरा, प्रेम मुखियालाई विशेष जिम्मेवारी दिने बैठकबाट भएको शहिदनगर नगरपालिकाका निवर्तमान मेयरसमेत रहेका नेता उदय बरबरियाले बताए । त्यस्तै असोज २५ गते युवा बैठक सम्पन्न गराउनका लागि श्रीप्रसाद महरा, रुपेश गोइत, उमेश कुमार मण्डललाई विशेष जिम्मेवारी दिने निर्णय भएको छ भने असोज २४ गते दलित मुक्ति मोर्चाको बैठक गराउनका लागि जीवछ महरा, रामहृदय सदा, गुरुदयाल साफीलाई विशेष जिम्मेवारी दिने निर्णय भएको उनले बताए ।



*भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ बुधबार जनकपुरधामस्थित जानकी मन्दिरको दर्शन पश्चात सामुहिक तस्बिरमा ।* ***तस्बिरः रासस***

# आज मधेशमा सार्वजनिक विदा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'पैगम्बर मोहम्मदको जन्म दिनको अवसरमा मधेश प्रदेशमा सार्वजनिक विदा दिएको छ ।
मुस्लिम समुदायहरुको धर्मगुरु रहेको पैगम्बर मोहम्मद दिवसको अवसरमा मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका निमित्त प्रदेश सचिव उत्तमप्रसाद खरेलले एक सूचना जारी गर्दै मुस्लिम समुदायहरुको विशेष पर्व 'पैगम्बर मोहम्मदको जन्म दिनको अवसरमा यही



मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
प.सं.:२०७९/८०
च.नं.:
Email: intlawpradesh2@gmail.com
मिति:२०८०/०६/१०

सार्वजनिक विदा सम्बन्धी सूचना

मुस्लिम समुदायहरुको विशेष पर्व "पैगम्बर मोहम्मदको जन्म दिन" २०८० सालमा मधेश प्रदेशमा सार्वजनिक विदा दिने भनि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९/१२/०९ मा निर्णय भएको र "पैगम्बर मोहम्मदको जन्म दिन" २०८० साल असोज ११ गते बिहिबारका दिन परेकोले उक्त दिन मधेश प्रदेशमा सार्वजनिक विदा दिने भनि माननीय मन्त्रिस्तरबाट मिति २०८०/०६/१० मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उत्तम प्रसाद खरेल
नि.प्रदेश सचिव

असोज ११ गते बिहीबार अर्थात भोली सार्वजनिक विदाको घोषणा गरेको हो । मधेश सरकारको मन्त्रीपरिषद् बैठकबाट विदा दिने निर्णय भएअनुसार बिहीबारको दिन मधेश प्रदेशमा सार्वजनिक विदा दिइएको हो ।

# गौहत्याको विरोधमा जनकपुरधाममा विरोध प्रदर्शन गर्ने तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकको राष्ट्रिय जनावर गाईको देशव्यापीरुपमा श्रृंखलावद्ध रुपमा हत्या भइरहेको भन्दै यसप्रति जानकी मन्दिरले आफ्नो ध्यानार्षण भएको जनाउँदै विरोध प्रदर्शनको तयारीमा जुटेका छन् ।
बुधबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले मुलुकमा जथाभावीरुपमा गौहत्या भइरहँदा पनि राज्यले राष्ट्रिय जनावरसमे रहेको हिन्दु धर्मको माता रहेको हुनाले गाईलाई जोगाउन सरकारले चासो नदेखाएको आरोप लगाउँदै कडा आन्दोलन गर्ने चेतावनी दिएका हुन् ।उनले धरानदेखि खोटांगसम्म हत्या हुँदा पनि सरकारले कारवाही प्रक्रिया अघि नबढाएको भन्दै तत्काल आन्दोलन गर्ने चेतावनी दिँदै उनले भने, 'यही असोज १२ गते शुक्रबार जनकपुरधाममा गौहत्याको विरोधमा विरोध प्रदर्शन गर्नेछौँ ।'
उनले गौहत्या श्रृंखलावद्धरुपमा बढ्दै गइरहेकाले यही असोज १२ गते शुक्रबार जनकपुरधाममा विरोध प्रदर्शन गरेर सचेत गराउने कार्यक्रम गर्ने बताए ।उत्तराधिकारी महन्त रामरोशन दासले सनातन हिन्दु धर्म तथा गौमातालाई संरक्षण गर्न र रक्षाका लागि जनकपुरधाममा विरोधसभा गर्न लागेको बताए ।यसको लागि व्यापक आन्तरिक तयारीसमेत भइरहेको उनले बताए ।यस विरोधसभामा हजारौँ सनातन हिन्दु धर्मावलम्बीलाई उतार्ने तयारी भइरहेको बताए ।

## बारहविघामा मात्र सम्पन्न गर्न सिडिओको उर्दी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले गौ हत्या विरुद्ध शान्तिपुर्ण विरोध रैली नगर परिक्रमा गरि वारहविघामा शान्तिपुर्णरुपमा सम्पन्न गर्न आदेश दिएको छ ।
जिल्ला प्रशासन कार्यालयले बुधबारनै विज्ञप्ती जारी गर्दै हालको शान्ति सुरक्षाको विषम परिस्थितीलाई विश्लेषण गरि उक्त कार्यक्रममा नगर परिक्रमा गरि वारह विघामा शान्तिपुर्णरुपमा सम्पन्न गर्न आदेश दिएको हो । यसका लागि सिडिओ कार्यालयले आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालय धनुषा र सशस्त्र प्रहरी वल मुजेलियालाई निर्देशन समेत दिएको छ ।

# 'सगर राति दीप जरय' साहित्य संगोष्ठी हुने

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
साहित्यकारहरुको सम्मेलनको रुपमा 'सगर राति दीप जरय' साहित्य संगोष्ठि हुने भएको छ ।
भारत विहार मधुवनी जिल्लाको नरहिया शान्ति निकेतन पब्लिक स्कुलमा साहित्य संगोष्ठि हुने भएको हो ।
कार्यक्रममा नूतन झाको पद्द संग्रह(हमर मीठा बैना), सुश्री पल्लवी मंडलको कविता संग्रह (ढाई अक्षर प्रेम का), रामेश्वर प्रसाद मंडलको पद्द उपन्यास (बगवार), राम विलास साहूको कविता संग्रह (खुला आसमान धरती की गोद में), जगदीश प्रसाद मंडलको कथा संग्रह (एकलव्यपन), (एक चुटकी खुशी ), ओम प्रकाश झाको स्पेशल परमिट (बीहैन एवं लघु कथा संग्रह), कोन रागक ई




तान खन अप्पन खनआन (गजल संग्रह), केयो बूझि नहिं सकल हमरा (गजल संग्रह), जनक लाल मंडल के चयनित कथा ( कथा संचयन), डा.उमेश मंडलको चौपहल चेहरा ( गद्दांश संकलन) कुल ११ पुस्तकको लोकार्पण गरिने बताइएको छ ।' सगरराति जरय'का संयोजक कवि तथा कथाकार राम विलास साहूका अनुसार २० सितंबरमा साझ ६ बजे देखि रातभरि कथाका पाठ हुनेछ ।'सगर राति दीप जरय 'साहित्य संगोष्ठीमा भारत –नेपालका लब्धप्रतिष्ठ साहित्यकारको सहभागीता रहनेछ ।

# पानीको मुहान रिचार्ज गर्नुपर्ने कुशवाहाको भनाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका नेता तथा पुर्व मन्त्री ई. बसन्त कुशवाहाले



मधेशमा पानीको सँकट टार्न पानीको मुहान रिचार्ज गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।
गर्मी मौसममा मधेशका अधिकांश ठाऊमा पानीको अभाव भएको अवस्थामामा पनि सरकारले केही नगरेको प्रति खेद प्रकट गर्दै पानीको मुहानहरु रिचार्जको आवश्यकता औंल्याएका हुन् ।
पूर्वमन्त्री कुशवाहाले पिउने पानी समेत सुक्र थालेको अवस्थामा जनमत पार्टीले समस्याग्रस्त जिल्लाहरुलाई सुख्खा क्षेत्र घोषणा गर्न आन्दोलन शुरू गरेको बताउँदै बीचमै बर्षा सुरु भएपनि पुनः सबैले पानीको सँकट बिर्सेकोप्रति ध्यानाकर्षण गराएका छन् ।
पानीको संकट क्षणिक रूपमा मात्र टरेको र यस बर्षको अवस्था भन्दा पनि बिकराल अवस्था अर्को बर्षको गर्मी महीनामा हुने बताउदै उनले यस संकटको समाधानका लागी ठोस कार्यक्रमहरु, द्रुत गतिका योजनाहरु अहिले शुरू गर्नुपर्नेमा नगरेको प्रति दुख प्रकट गरे ।
उनले भने,'यसका लागी संघ, प्रदेश तथा स्थानीय कुनै पनि तहको सरकारले अहिले सम्म कुनै पनि कार्यक्रम फील्डमा शुरू गरेको छैन, मधेश प्रदेश सरकारले त प्रदेश सांसदलाई बोल्न पनि नदिने हिसाबले प्रदेश सभालाई बन्धक बनाएर राखेको छ ।'यस समस्या समाधानका लागी चुरे क्षेत्रको संरक्षण, चुरे–सिमसार क्षेत्रमा पानीको भण्डारण, हरेक पानीको मुहान र स्रोत प्रयोग स्थलमा पानी रिचार्ज गर्ने प्रविधिको निर्माण गर्नुपर्ने सुझाव दिएका छन् । उनले बर्षातको पानी हार्वेस्ट गरी सही प्रयोग, व्यापक बृक्षारोपण, बन जंगलको संरक्षण, सतही सिचाई व्यवस्थापन, ओवरहेड टैंकबाट खानेपानी व्यवस्थापन गरी तराई मधेशमा पानीको सँकटबाट जोगाउन सकिने उपाय सुझाएका छन् ।

# अनुगमनका क्रममा हानिकारक चम्पाइरङ प्रयोग भएको मासु जफत

**रासस**
**जनकपुरधाम ।**
धनुषाको जनकपुरधाम उपमहानगरपालिका–४ स्थित माछा बजार क्षेत्र (पुरानो बसपार्क) का केही मासु पसलबाट मानिसको स्वास्थ्यलाई नकारात्मक असर गर्ने र कानूनले खान अयोग्य भनिएका रङ प्रयोग गरिएको मासु जफत गरिएको छ ।
बुधबार भएको संयुक्त बजार अनुगमनका क्रममा खसीको मासुको छालामा चम्पाइरङ दलेको पाइएपछि दुई वटा पसलबाट २७ केजी मासु बरामद गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनुषाका प्रतिनिधि प्रमोद बुढाथोकीले जानकारी दिए । उनले बरामद गरिएको मासु प्रयोगशाला परीक्षणका लागि गुण नियन्त्रण कार्यालयमा लगिएको समेत बताए । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका प्रमुख वरिष्ठ पशु चिकित्सक डा सञ्जीवकुमार ठाकुरले मासु राम्रो देखाउने नाममा कानूनले खान अयोग्य भनेका रङहरू छालामा दल्नु गैरकानूनी भएकाले माछा बजार क्षेत्रबाट २७ किलो मासु जफत गरिएको जानकारी दिए । 'कानूनले भनेका अन्य मापदण्ड पालना नगर्ने समस्या त छँदैछ । मासु राम्रो देखाउने नाममा स्वास्थ्यको दृष्टिकोणले हानिकारक रङसमेत प्रयोग गरेको पाइयो । यस्तो रङ दलिएको मासु खानाले मिर्गौला, फोक्सोमा असर गर्नुका साथै मानव स्वास्थ्यमा गम्भीर असर पार्ने




रोगहरूको सङ्क्रमण हुन्छ । त्यसैकारण हामीले सो मासु जफत गरेर आवश्यक कारवाही प्रक्रिया अगाडि बढाएका छौँ', डा ठाकुरले भने । जनकपुरधाम उपमहानगरपालिकाका वडा नं. २, ४ र १४ मा रहेका १४ वटा मासु पसलको अनुगमनका क्रममा पाँच वटा पसल दर्ता नभएकाले सञ्चालकलाई सात दिनभित्र दर्ता प्रक्रिया पूरा गर्न, सबैजसो पसललाई फोहर व्यवस्थापनसहित मापदण्ड पूरा गर्न, मूल्यसूची राख्नेलगायत कैफियत देखिएका विषयको व्यवस्थापन गर्न समय तोकेरै निर्देशन दिइएको पशु चिकित्सक ललितकुमार लालले बताए । उनले सरसफाइमा तत्काल सुधार गर्नका लागि व्यवसायीहरूलाई निर्देशन दिनुका साथै अर्को पटक अनुगमनका बेला सरसफाइ नभए र अन्य निर्देशन पालना नगरेको पाइएमा कडा कारबाही गर्ने चेतावनीसमेत दिइएको बताए । त्यसैगरी अनुगमन टोलीले जनकपुरधाम–१४ स्थित माँ जानकी डेरीबाट दूध, दही, खुवा र घ्यू प्रयोगशाला परीक्षणका लागि नमूना सङ्कलन गरेर पठाइएको र डेरीलाई पनि ऐन नियममा भएको व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिइएको घरेलु तथा साना उद्योग कार्यालय धनुषाका नायब सुब्बा नरेश यादवले जानकारी दिए ।
जनकपुरधाममा माछा, मासु बजारको व्यवस्थापन र अनुगमन नहुँदा आम उपभोक्ताले स्वास्थ्यका लागि जोखिमपूर्ण तथा गुणस्तरहीन मासु खानुपरेको गुनासो भइरहेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख विजय खनालले पशु वधशालाको अभाव देखाएर मासु व्यवसायीहरूले एकै ठाउँमा मासु काट्ने र बेच्ने काम गर्नुका साथै प्रयोग हुने हातहतियार, पानी, अचानो, पसलको सरसफाइमा ध्यान नदिने गरेको बताए । 'यहाँको मासु बजारमा मुख्य गरी सरसफाइ र मासुको छालामा रङ दल्ने समस्या देखिन्छ । बेसार दल्नुलाई सामान्य मानिए पनि हानिकारक चम्पाइरङ दल्ने काम गरिरहेका छन्', खनालले भने, 'उपभोक्ताले मन पराउँछन् भनेर चम्पाइरङलगायतका रसायन दल्ने, सीसा र जालीभित्र मासु नराख्ने, उपभोक्ताले किन्दैनन् भनेर फ्रिजको प्रयोग नगर्ने समस्या छ । यसमा व्यवसायी र उपभोक्ता दुवै सचेत हुन जरुरी छ ।'

# स्वास्थ्यकर्मीमाथि आक्रमणको विरोधमा प्रर्दशन


फाइल फोटो

**मधेशदृष्टि**
**वीरगंज ।**
देशका विभिन्न स्थानहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मी माथि श्रंखलाबद्ध रुपमा आक्रमण बढै गएपछि त्यसको विरोधमा बुधबार वीरगंजमा प्रदर्शन गरिएको छ ।
राष्ट्रिय चिकित्सक महासंघको आह्वानमा वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले विरोध प्रदर्शन गरेका हुन ।
पछिल्लो समय काठमाण्डौँ, मकावनपुर लगायत मुलुकका विभिन्न अस्पतालहरुमा चिकित्सक कुट्ने तथा अभद्र व्यवहार गर्ने कार्य बढ्दै हुँदा सोको विरोधमा उनीहरु सडकमा उत्रिएका हुन् । अस्पताल परिसरमै आएर चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि सांघातिक आक्रमण भइरहदा समेत सरकार गम्भीर नभएको भन्दै उनीहरुले गृहमन्त्रीको राजीनामा माग गरेका छन् ।
आफूहरुको माग सम्बोधन नभएसम्म अस्पतालको सम्पूर्ण कार्य ठप्प गर्ने चेतावनी दिएका छन् । कोभिड महामारीमा स्वास्थ्यकर्मीहरुले आफ्नो ज्यानको पर्वाह नगरी विरामीहरुलाई सेवा प्रदान गरेको भन्दै नेपाली चिकित्सकको चौतर्फी प्रशंसा भई रहेको बेला यता आफनै देशमा श्रृंखलावद्ध रुपमा आक्रमण हुनुले स्वास्थ्य क्षेत्र असुरक्षित बन्दै गएको र भविष्यमा चिकीत्सकहरु पलायन हुने अवस्था आएको स्वास्थ्यकर्मीहरुले गुनासो गरेका छन् । उनीहरुले कार्यक्षेत्रमा सुरक्षाको प्रत्याभूती नभएसम्म आफूहरु काममा नफर्कने समेत बताएका छन् ।
अस्पतालका चिकित्सकहरुले विरोध प्रदर्शन गर्नुका साथै जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापन पत्र समेत बुझाएका छन् । ज्ञापन पत्र बुझ्दै पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बिरामीको ज्यान बचाउने चिकित्सकहरुमाथि नै आक्रमण गर्ने कार्य निन्दनीय रहेको र दोषी माथि कारवाही हुनुपर्ने बताए । उनले स्वास्थ्यसंस्था जस्तो संवेदनशील क्षेत्रमा कसैले कुनै किसिमको उछृंखल गतिविधि गरेमा आफूहरु जानकारी दिन आग्रह गरे ।

# सफा र समृद्ध वीरगंज बनाउन बैंकहरु बाधक



**मधेशदृष्टि**
**वीरगंज ।**
सफा र समृद्ध वीरगंज बनाउने अभियानमा वीरगंजमा रहेका बैंकका शाखा कार्यालयहरु बाधक बन्दै गएको पुष्टि भएको छ ।
आदर्शनगर क्षेत्रमा रहेका अधिकांश बैङ्कका शाखाहरूले गर्दा फोहर व्यवस्थापन र सरसफाइ चुनौतीपूर्ण बन्दै गएको छ ।
वीरगञ्ज महानगरपालिकाले नगरलाई हरियाली तथा सरसफाइ गर्ने अभियान चलाइरहेको समयमा बैङ्कहरू भने सडकमा जथाभाबी फोहोर फाल्ने गरेको महानगरका सरसफाइ तथा वृक्षारोपण समितिका संयोजक जयप्रकाश खेतानले बताए । यसै क्रममा वीरगञ्जको आदर्शनगर चोकस्थित सिद्धार्थ बैङ्क लिमिटेडले बुधबार विहान सडकमा फोहर फालेको समयमा नगर प्रहरीले रंगेहात पक्राउ गरेको छ ।
बैङ्कका सफाईकर्मीले सडकमै जथाभाबी फोहोर फालेर हिडन थालेपछि नगर प्रहरीले पक्राउ गरी १० हजार रुपैया जरिवाना गरेको खेतानले बताए । वीरगंजलाई सफा, स्वच्छ र हराभरा बनाउन सबैको सहभागितासँगै मात्रै सम्भव रहेकाले यसलाई अटेर गर्दै फोहोर गरेको भेटिएपछि बैङ्कलाई कारबाही स्वरूप जरिबाना गरिएको हो । फेरि बैङ्कले गल्ती नगरोस भनेर जरिवाना सहित चेतावनी समेत दिइएको छ ।
वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमानले सिंह निर्वाचित भएर आएसँगै नगरमा हरियाली र सरसफाइलाई प्राथमिकतामा राखेर अभियान संचालन गरेका छन् ।
उनले चलाएको अभियान पश्चात् अहिले वीरगञ्जको बजार क्षेत्र सफा देखिएको छ । फोहर व्यवस्थापनका लागि महानगरले प्रत्येक वडामा दिनमा कम्तीमा पनि दुई पटकसम्म फोहर सङ्कलन गर्नका लागि ट्याक्टर पठाउने गरीएको छ । एक त जनशक्ति कम छ, त्यसमाथि लापरवाही बढदै गएमा फेरि वीरगंज पुरानै अवस्थामा फर्कने त होईन भन्ने चिन्ता समेत बढेर गएकोछ ।
वीरगंज महानगरपालिकामा कार्यरत २ सय ५७ जना सरसफाईकर्मी एक साथ हटेसँगै अहिले नगर क्षेत्रको सरसफाईमा कर्मचारीको अभाव भएको छ ।
यसैगरी वीरगंज महानगरपालिकाको टोली सडक पेटीमा जथाभावी फोहोर फालेको आरोपमा जितेन्द्र प्रसादकलवारलाई ५ हजार, चन्दनकुमार कुम्हाललाई २ हजार , रमेश सिंहलाई १ हजार जरिवाना गरेको वीरगंज महानगरपालिकाका सरसफाई शाखा प्रमुख सरफुद्दिन मियाले जानकारी दिए ।

# ज्येष्ठ पत्रकार पेन्सन सम्बन्धी कार्यविधि संसोधन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आम सञ्चार नियमन तथा प्रबद्र्धन समितिको बुधबार सम्पन्न वैठकले ज्येष्ठ पत्रकार पेन्सन सम्बन्धी कार्यविधिलाई संशोधन सहित अनुमोदन गरेको छ । वीरगंजलाई कार्यथलो बनाएर २५ बर्ष देखि सक्रिय पत्रकारिता गर्दै आएका ६० बर्ष पुरा भएका ज्येष्ठ पत्रकारलाई सो पेन्सन योजनामा समेटने गरी कार्यविधि बनाईएको छ ।
कार्यविधिमा राज्यको दोहोरो सुविधा नपाउने गरी ६७ बर्ष सम्मका वीरगंजका ज्येष्ठ पत्रकारलाई पेन्सन उपलब्ध गराईने भएको छ । पेन्सन उपलब्ध गराउने कार्यविधि महानगरपालिकाको बोर्ड वैठकले पारित गरेसँगै वितरण प्रक्रिया शुरु हुने समितिका संयोजक ध्रुव अधिकारीले जानकारी दिए । वीरगंज महानगरपालिकाको सभा हलमा सम्पन्न वैठकले लोक कल्याणकारी विज्ञापनको भुक्तानीका लागि मापदण्ड पुरा गरेका सञ्चारमाध्यमहरुलाई साउन,भदौ र असोजको भुक्तानी उपलब्ध गराउने निर्णय गरेको छ । त्यसैगरी वैठकले महानगरपालिकाका सूचना तथा विज्ञापानहरुलाई पारदर्शी र समानुपातिक रुपमा वितरण गर्ने निर्णय समेत गरेको छ । वैठकले विज्ञापनको दररेट कायम गर्न समितिले गठन गरेको उपसमितिद्वारा प्राप्त प्रतिवेदनलाई अनुमोदन समेत गरेको छ । वैठकमा समितिका सदस्य रामनारायण कुर्मी, मनोज पटेल, वृजलाल पासवान, अमित अग्रवाल, आविद हुसेन, मुस्कान श्रेष्ठ, माधुरी महतो, सदस्य सचिव शम्भु कुशवाहा लगायतको सहभागिता रहेको थियो ।

# अस्पतालको वार्षिकोत्सवको अवसरमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालको १ सय ३१ औं बार्षिक उत्सवको अवसरमा बुधबार रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । अस्पतालका डा.रोशन अलीको संयोजकत्वमा सम्पन्न रक्तदान कार्यक्रममा ३३ महिलासहित ९१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । पाण्डेका अनुसार डा. मुकेश अग्रवाल, साहेब अन्सारी, आदेश चौरसिया, ममता चौधरी, किरण कुमारी, आरती चौरसिया, प्रीति साह, शर्मिला महर्जन, सञ्जीव गुप्ता, विशाल राम लगायतले रक्तदान गरेका थिए ।
रक्तदान कार्यक्रममा नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरञ्जन साह, अस्पताल कर्मचारी युनियनका पूर्व अध्यक्ष रामेश्वर प्रसाद, डा. प्रभाकर पाण्डे, हरि गुप्ता लगायतको उपस्थिति रहेको थियो ।
नारायणी अस्पताल स्थापना भएदेखि कहिल्यै पनि वार्षिकोत्सव नमनाएकोमा यस पटक भने साताव्यापी कार्यक्रम गरी बार्षिक उत्सव मनाई रहेको छ । बार्षिक उत्सवकै अवसरमा गत शनिवार दौड प्रतियोगिताको आयोजना गरिएको थियो ।

# बजार व्यवस्थापन तथा अनुगमन समितिको बैठक सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
दशैं तिहार, छठ जस्ता चाडबाड भित्रिने क्रमसँगै बजारमा दैनिक उपभोग्य सामानको कृतिम अभाव तथा मिसावट नियन्त्रण गर्न बुधबार वीरगंज महानगरपालिका अन्तर्गत रहेको बजार व्यवस्थापन तथा अनुगमन समितिको बैठक सम्पन्न भएको छ ।
बजार व्यवस्थापन तथा अनुगमन समितिको संयोजक उप–प्रमुख इम्तियाज आलमको संयोजकत्वमा बसेको बैठकले वीरगंजका दैनिक उपभोग्य समान विक्री वितरण गर्ने पसलहरुमा खाद्यान्न समाग्रीको म्याद परिक्षण गर्ने, म्याद गुज्रिएका अखाद्य सामगी विक्री गर्नेलाई कारवाही गर्ने, कालोबजारी नियन्त्रणगर्ने, न्यून गुणस्तरका सामान बिक्री नियन्त्रण गर्ने, बजार अनुगमन कार्य तिब्र रुपमा अगाडी बढाउने निर्णय गरेको छ ।
बैठकमा बीरगंज महानगरपालिकाका प्रशासकिय अधिकृत लक्ष्मी प्रसाद पौडेल, कार्यपालिका सदस्य कन्हैया ठाकुर, प्रहरी निरीक्षक पुष्कर बोगटी,ट्राफिक प्रहरी निरीक्षक भास्कर खडिवाडा,शसस्त्रका कमलेश पुरी,होटेल ब्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्त, उद्योग वाणिज्य संघका सुरेश कुमार रुङ्टा, खाद्य अधिकृत विपिन कुमार, अजित भुजेल लगायतको सहभागिता रहेको छ ।

# सानो पाईला बचतका पदाधिकारी सहित १३ विरुद्ध पक्राउ पुर्जी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका पदाधिकारीसहित १३ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।
बचतकर्ताहरूको अर्बौं रुपैयाँ निक्षेप फिर्ता नगरेपछि वीरगंज महानगरपालिका– १० आदर्शनगरस्थित सानो पाइला सहकारीका संस्थापक, वर्तमान तथा पूर्व सञ्चालक समितिका सदस्य र कर्मचारीसहित १३ जनाविरुद्ध पर्सा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको हो ।
जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अदालतले सानो पाइला सहकारीका संस्थापक गितेन्द्र बाबु राई उर्फ जीबी राई, वर्तमान अध्यक्ष अनन्त बाबु राई, उपाध्यक्ष सुनीत श्रेष्ठ, पूर्व उपाध्यक्ष नेहा पौडेल, सचिव देवेन्द्र बाबु राई, पूर्व सचिव तस्विरन मियाँ, कोषाध्यक्ष कुमार रम्तेल, पूर्व कोषाध्यक्ष सृष्टि श्रेष्ठ (मानन्धर), सदस्यहरू थान बहादुर बुढा मगर, धिरज कुमार दास, पूर्व सदस्य अशोक यादव, प्रबन्धक असरफ अलि सिद्धिकी र कर्जा अधिकृत राधे चन्द्र यादव विरुद्ध पक्राउ पुर्जी जारी गरेको छ ।
प्रहरीका अनुसार हालसम्म कोषाध्यक्ष कुमार रम्तेल र कर्जा अधिकृत राधे चन्द्र यादव मात्र पक्राउ परेका छन् । अन्य फरार रहेका छन् ।
रम्तेललाई काठमाडौंस्थित उपत्यका अपराध अनुसन्धान महाशाखा मिनभवनले भदौ २५ गते नै पक्राउ गरेको थियो । पोखरास्थित सूर्य दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य समेत रहेका रम्तेलले सहकारी मार्फत झन्डै एक हजार बचतकर्ताहरूको अर्बौं रकम पनि हिनामिना आरोपमा अपराध अनुसन्धान महाशाखाले उनलाई पक्राउ गरेको थियो ।
यादवलाई भने पर्सा प्रहरीले शुक्रवार पक्राउ गरेको थियो । उनलाई पर्सा जिल्ला अदालतमा उपस्थित गराएर म्याद थप गरी अनुसन्धान समेत भइरहेको पर्सा प्रहरीका प्रमुख एवम् प्रहरी उपरीक्षक (एसपी) कोमल विक्रम शाहले जानकारी दिए । अन्य फरार रहेकाहरूको पनि खोजी कार्य जारी रहेको एसपी शाहले बताए ।

# भन्सार छलीको सामान बोकेको ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ५८ लाख भन्दा बढीको भन्सार छलीको कस्मेटिक तथा खुद्रा सामानहरू बोकेको माल बाहक ट्रक नियन्त्रणमा लिएको छ ।
वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक स्थित सडकखण्डमा ना.३ ख ३९४९ नम्बरको मालवाहक ट्रकलाई नियन्त्रणमा लिएको हो ।
बिलबिजक भन्दा बढीको सामान वीरगञ्जबाट मोरङतर्फ जाँदै गरेको छ भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले रोकी जाँच गर्ने क्रममा ५८ लाख १६ हजार ६ सय २८ मूल्य बराबरको ट्रक र सो भित्र लोड रहेको कस्मेटिक तथा खुद्रा सामानहरू नियन्त्रणमा लिएको पर्सा प्रहरी प्रवक्ता एवम डिएसपी कमल बिक्रम थापाले जानकारी दिए । बरामद गरिएको ट्रक तथा सामान थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि आज राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको डिएसपी थापाले बताए ।

# बालदिवसमा बालबालिका पुरस्कृत



**मधेशदृष्टि**
**वीरगंज ।**
५९ औ राष्ट्रिय बालदिवसको अवसरमा बालबालिकाकामा लगानी सुनिश्चित भविष्यको थालनी भन्ने मुल नाराका साथ आयोजित वकतृत्वकला प्रतियोगिताका विजेता वालवालिकालाई पुरस्कार वितरण गरिएको छ । वीरगंज महानगरपालिकाको महिला बालबालिकाका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा समुदायिक बिधालयको मा.वि.तहका बालबालिका बिच वकतृत्वकला प्रतियोगिताको आयोजना गरिएको थियो । कार्यक्रमका विजेता बालबालिकालाई बुधबार बीरगंज महानगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा नगर उपप्रमुख इम्तियाज आलमले पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका हुन् । पुरस्कार वितरण कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मी पौडेल लगायतको सहभागिता रहेको थियो ।

# काठजन्य समाग्री विदेशबाट आयात हुनु दुखदः मन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले मुलुकभित्रै प्रशस्त स्रोत र सम्भावना हुँदा पनि काठजन्य सामग्रीहरु विदेशबाट आयात हुनु राष्ट्रिय अर्थतन्त्रको लागि सुखद् नभएको बताएका छन् ।
बुधबार फर्निचर फर्निसिङका उत्पादनको वृहत प्रदर्शनी, २०२३ उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री रिजालले यस्तो बताएका हुन् ।
उनले नेपालमा नै काठजन्य वस्तुहरुको उत्पादनमा प्रशस्त सम्भावना रहेपनि विदेशबाट आयात गर्नुपर्ने बाध्यता रहेको बताए । उनले काठजन्य वस्तुहरु विदेशबाट आयात हुनु मुलुकको अर्थतन्त्रको लागि राम्रो पक्ष नभएको बताए । उनले वन पैदावारबाट हुने कच्चा पदार्थमा आधारित सामाग्रीहरुको फर्निचर तथा फर्निसिङ व्यवसायले आत्मनिर्भर बनाउन आवश्यक रहेको बताए । उनले देशभित्रै उपलब्ध हुनसक्ने कच्चा पदार्थको सहज उपलब्धता र उत्पादन सरकारले नीतिगत र कानूनी सुधार गर्न तयार रहेको बताए ।
उन्ले नेपालमा हरेक वर्ष अर्बौं रुपैयाँको फर्निचर तथा फर्निसिङका सामग्रीको खपत हुँदै आइरहेको बताए । उनले फर्निचर तथा फर्निसिङ क्षेत्रमा भएको लगानीबाट सिर्जना गरेको रोजगारी र राजश्वमा राज्यलाई पु¥याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले ठूलो लगानी भएपनि फर्निचर क्षेत्रमा आधा भन्दा बढी आयातित सामानमा निर्भर हुनुपर्ने बाध्यतालाई सुधार गर्न आवश्यक रहेको उल्लेख गरे ।

# शिक्षकको आन्दोलनमा ठोरीकी शिक्षिका घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
काठमाडौंमा जारी शिक्षक आन्दोलनमा पर्साको ठोरी गाउँपालिकामा अध्यापनरत एक जना शिक्षिका घाइते भएकी छन् ।
ठोरी गाउँपालिका वडा नं. ४ मा रहेको ज्ञानज्योति मावि घ्याङडाँडामा कार्यरत शिक्षिका सन्जिता कुमारी खत्रीलाई प्रहरीले लाठी चार्ज गर्दा उहाँको खुट्टा भाचिएको छ । श्रीमान श्रीमति दुवै शिक्षक रहेको र आन्दोलनमा होमिएकी खत्रीलाई अहिले विर अस्पतालको ट्रमा सेन्टरमा उपचार भई रहेको उनका श्रीमान रन्जित कार्कीले जानकारी दिए ।
विद्यालय शिक्षा विधेयकमा असहमति जनाउँदै काठमाण्डौमा जारी राहत शिक्षकको आन्दोलनमा प्रहरी हस्तक्षेप हुँदा खत्री सहित अन्य शिक्षकहरु पनि घाइते भएका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन